# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क २६ पूर्णाङ्क ७५ | २०७४ पुस १७ गते सोमबार | Monday, 1 January 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-

## माओको १२४औं जन्मजयन्ती भव्यतापूर्वक सम्पन्न



२६ डिसेम्बर कमरेड माओको १२४औं जन्मदिवस हो । माओदिवसको यस ऐतिहासिक अवसरमा हामी विश्व सर्बहारावर्गका एक महान् नेता कमरेड माओको विशेष स्मरणसहित उच्च सम्मान गर्दछौं । माओदिवसको यस अवसरमा हामी सम्पूर्ण पार्टी कमरेडहरू, आम जनसमुदाय र विश्व सर्बहारावर्गप्रति लाल सलाम अर्पण गर्दछौं ।

माओले चीनमात्र होइन विश्वक्रान्तिकै निम्ति माओवादको सैद्धान्तिक हतियार प्रदान गर्नु भएको थियो । मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनपश्चात् माओले विश्वक्रान्तिलाई नेतृत्व प्रदान गर्नु भएको थियो । माओले सामन्तवाद, ...बाँकी ८ पेजमा

### तीन महिने संगठन तथा जनपरिचालन अभियान निर्माण

# सातवटै प्रदेश र सतहत्तर जिल्लामा अभियानको गृहकार्य सुरु

● वर्गदृष्टि संवाददाता

काठमाडौं । यही पुस महिनाको पहिलो साता बसेको नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को चितवन बैठकबाट तय गरिएको तीन महिने अभियान कार्यक्रम कार्यान्वयनका लागि देशभरका सातवटै प्रदेशसहित ७७ वटै जिल्लामा अभियान मूर्तिकरणको गृहकार्य सुरु भइसकेको जनाइएको छ । उक्त अभियान माघ, फागुन र चैत्र गरी तीन महिना लगातार चल्ने छ ।

संगठन तथा जनपरिचालन अभियान नाम दिइएको उक्त अभियानको उद्देश्यमा संगठन विस्तारलाई बढि जोड दिइएको छ । देशैभर स्थानीय रूपमा संगठनको जालो नभएका कारण अपेक्षा गरेजति संघर्षका कार्यक्रमहरू लैजान कठीन भएको ठहर गर्दै स्थानीयस्तरमा संगठन निर्माणको कामलाई यो अभियानमा पहिलो प्राथमिकतामा राखिएको छ । बनिसकेका संगठनलाई चुस्त दुरुस्त र क्रियाशील बनाउने, संयुक्त मोर्चा तथा जनवर्गीय संगठनहरूको व्यापक विस्तार गर्ने, कमिटी अनुशासन पूर्णरूपमा पालना गर्ने आदिका साथै संघर्ष सञ्चालन तथा विकासका लागि आधार तयार पार्नेजस्ता कुराहरू यो अभियानको लक्ष्यका रूपमा राखिएका छन् ।

'संगठन विस्तार सुदृढीकरण तथा जनपरिचालन गरौं, नयाँ जनवादी क्रान्तिको तयारीमा जुटौं' भन्ने नारा दिइएको यो अभियानमा सम्बन्धित प्रदेश, जिल्ला र गाउँपालिका तथा नगरपालिका जस्ता स्थानीय तहका नेताकार्यकर्ताहरूलाई केन्द्रका नेताहरूले अगुवाई गर्ने छन् । अभियानका क्रममा जनवादी केन्द्रीयताका आधारमा छलफल, बहस र पार्टी काम अघि बढाइने बताइएको छ ।



यसका लागि पार्टी भित्रको विभिन्न तहको बसाइ, छलफल र योजना निर्माण पौष मसान्तसम्म गरिसकिने बताइएको छ । सबै मिटिङहरूमा एक दिने प्रशिक्षण कार्यक्रम र अरु दिनमा योजना मूर्तिकरणलाई प्राथमिकतामा राखिएको छ ।

माघ महिनाबाट सुरु गरिने यो अभियानमा पार्टी वैठक, मोर्चाको वैठक, जनवर्गीय संगठनहरूको वैठक तथा कार्यविभाजनलाई प्राथमिक सूचीमा राखिएको छ । संगठन निर्माणका बेलामा गाउँ, नगर, वार्ड, कलकारखाना, विद्यालय आदिमा कमिटी निर्माण, वैठक तथा प्रशिक्षणलाई केन्द्रविन्दुमा राखेर कार्यतालिका मूर्त बनाउने जिम्मा सम्बन्धित प्रदेश, जिल्ला र स्थानीय तहका पार्टी इञ्चार्जहरूलाई सुम्पिएको छ ।

अभियान थालनीको महिना वा माघ महिनाभित्रै राष्ट्रियता, जनतन्त्र र जनजीविकासम्बन्धी आधारभूत र जल्दाबल्दा मागहरूलाई सूत्रबद्ध रूपमा तयार पारी केन्द्रीय सरकार बनेपछि ती समस्याहरू समाधानका लागि ज्ञापनपत्र तयार गरी दिने निर्णय गरिएको छ । फागुन महिनामा जनयुद्ध दिवस र आठ मार्चलगायतका दिवसहरूलाई भव्यताका साथ मनाउने निर्णय पनि लिइएको छ । यी दिवसहरू मनाउँदा सकभर जनवादी क्रान्तिका पक्षधर शक्तिहरू एकै थलोमा भेलाभएर संयुक्त रूपमा मनाउन सकिने पनि बताइएको छ । स्रोतका अनुसार क्रान्तिकारी माओवादी र नेकपाले यी कार्यक्रमहरू संयुक्त रूपमा मनाउने कुराकानी पनि भइसकेको बताइएको छ । प्रदेश तथा जिल्लास्तरका नेताहरूका अनुसार फागुनमा शहीद परिवार भेटघाट, पूर्व जनमुक्ति सेनासँग अन्तरक्रिया तथा छलफल, ...बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीको ३ र ४ प्रदेशको प्रशिक्षण सम्पन्न

● वर्गदृष्टि संवाददाता

पोखरा । नेकपा (क्रान्तिकारी माओवादी)को ४ नं प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रम हिजो आइतवार पोखरामा सम्पन्न भएको छ । माओवादी पार्टीका स्थायी समिति सदस्य प्रितमको मुख्य आतिथ्यतामा भएको उक्त प्रशिक्षण कार्यक्रमको अध्यक्षता प्रदेश सेक्रेटरी पोलिटब्युरो सदस्य श्यामले गर्नुभएको थियो । हालै पार्टी केन्द्रीय समितिले लिएका निर्णय एवं तीन महिने अभियान सम्बन्धि प्रशिक्षण केन्द्रीत रहेको एक सहभागीले जानकारी दिनुभएको छ । तीन महिने अभियानलाई सफल बनाउन विभिन्न अभियान टोलीहरू पनि बनाएका छन् । कार्यक्रममा प्रितम, श्याम र किशोरले प्रशिक्षण दिनु भएको छ ।

यसै बीच गएको शनिवार क्रान्तिकारी माओवादी पार्टीले ३ नं प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रम पनि ललितपुरमा सम्पन्न भएको छ । प्रदेश सेक्रेटरी सागरको सञ्चालन र अध्यक्षतामा भएको उक्त प्रशिक्षण कार्यक्रममा प्रमुख अतिथि पार्टीका महासचिव मोहन वैद्य किरण सहित स्थायी समिति सदस्यहरू राजवीर, प्रतिक, पोलिटब्यूरो सदस्य प्रभाकिरणको उपस्थिति रहेको थियो ।

## 'नवसंसदवादीहरू फासीवादको प्रक्रियामा अघि बढेका छन्'

● वर्गदृष्टि संवाददाता



चितवन । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का महासचिव क. मोहन वैद्य 'किरण'ले एमाले-माओवादी केन्द्रको 'वाम गठबन्धन' बहुमत प्राप्तिसँगै फासिवादीकरणको अभ्यासमा अघि बढ्न थालेको आभाष भएको बताउनु भयो । यही पौष १० गते चितवनको मँगलपुरमा पार्टी कार्यकर्ता तथा स्थानीय जनतालाई सम्बोधन गर्दै महासचिव किरणले उक्त कुरा बताउनु भएको हो ।

क. किरणले सङ्घीयता र आरक्षणका कुराहरू नेपाल र नेपालीहरूका लागि उपयुक्त नभएको र ती तत्काल हटाइने भन्ने जस्ता कुरा जनताको पहिचान र अग्राधिकर स्थापना गर्ने पुरानै प्रजातान्त्रिक मान्यताहरू भएको बताउनु भयो । आफूहरू कम्युनिस्ट भएकाले अबका दिनमा 'समाजवाद निर्माण गर्ने भन्दै भ्रम दिएर हिँडेकाहरूले आन्दोलन र बन्द हडताल अब सदाका लागि बन्द ...बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको बैठकले गरेका निर्णयहरू

● वर्गदृष्टि संवाददाता

चितवन । पार्टी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा मार्फत् निर्वाचनको क्रान्तिकारी उपयोग गरेको एक मात्र पार्टी नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको चितवन बैठकलाई पार्टीभित्र र बाहिरबाट निकै महत्वकासाथ हेरिएको थियो ।

०७४ पुस ६ देखि ९ गतेसम्म पार्टी महासचिव किरणको अध्यक्षतामा बसेको क्रान्तिकारी माओवादीको बैठकले लिएका महत्वपूर्ण निर्णयहरूलाई पार्टी महासचिवको हस्ताक्षरमा प्रेसविज्ञप्ति मार्फत् बुँदागत रूपमा सार्वजनिक गरिएको छ । पौष १० अर्थात् सोमबार जारी गरिएको वक्तव्यमा ६ वटा बुँदामा बैठकले लिएका निर्णयहरू सार्वजनिक गरिएको छ ।

'१. बैठकको प्रारम्भमा विश्वक्रान्ति, नेपाली क्रान्ति, विभिन्न जनआन्दोलन र जनयुद्धमा सहादत प्राप्तगर्ने सम्पूर्ण ज्ञात–अज्ञात अमर योद्धाहरूप्रति एक मिनेट मौन धारणगरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो ।

२. बैठकमा महासचिव कमरेड किरणद्वारा तात्कालिक राजनीतिक प्रस्ताव प्रस्तुत ...बाँकी ७ पेजमा

## पार्टी एकता तथा ध्रुवीकरणका लागि किरण र विप्लवको तीन बुँदे निष्कर्ष



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण' र नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द'विप्लव' बीच पार्टी एकता तथा ध्रुवीकरणका लागि पहल गर्ने सहमति भएको छ । दुवै नेताले हस्ताक्षरसहित जारी संयुक्त प्रेस वक्तव्यमा त्यसका ...बाँकी ८ पेजमा

## उत्तर कोरिया: मिसाइल कार्यक्रमका दुई 'कि लिडर' माथि अमेरिकाको प्रतिबन्ध



काठमाडौं । अमेरिकाले आणविक मिसाइल निर्माणमा उत्तर कोरियाको नेतृत्व गर्दै आएका दुई उच्च अधिकारीमाथि प्रतिबन्ध लगाएको छ ।

अमेरिकाले किम जोङ-सिक र रि प्योङ-कोलमाथि प्रतिबन्ध लगाएको हो । यी दुवैजना उत्तर कोरियाका उच्च अधिकारी रहेको र उनीहरूले उत्तर कोरियाको ब्यालेस्टिक मिसाइल कार्यक्रमको नेतृत्व गर्दै आएको अमेरिकाको दाबी छ ।

उनीहरू उत्तर कोरियाको न्युक्लियर मिसाइल कार्यक्रमका 'कि लिडर' रहेको अमेरिकी अधिकारीले बताएका छन् । उत्तर कोरियाको आणविक कार्यक्रमलाई लिए संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदले गएको शुक्रबार नयाँ प्रतिबन्ध लगाएको थियो । यसलाई उत्तर कोरियाले युद्ध कार्य रहेको प्रतिक्रिया दिइरहेका बेला अमेरिकाले थप दुई अधिकारीमाथि प्रतिबन्ध लगाएको हो ।

अमेरिकाले लगाएको नयाँ प्रतिबन्ध अनुसार अमेरिकामा रहेका दुई अधिकारीको सम्पत्ति फ्रिज हुनेछ भने अमेरिकामा हुने कारोबारमा पनि रोक लागेको छ । अमेरिकाले प्रतिबन्ध लगाएका दुई व्यक्तिले मिसाइल परीक्षणका बेला उत्तर कोरियाली नेता किम जोङ-उनसँग तस्बिरमा देखिने गरेका छन् ।

# मुकुण्डोधारीहरूको भण्डाफोर गरौं !

नेपाल राष्ट्र र नेपाली कम्युनिष्ट आन्दोलन अत्यन्तै गम्भीर र जटिल मोडमा खडा भएको अवस्थामा लामो समयदेखि प्रतिक्षारत नेकपा (क्रान्तिकारी माओवादी)को ऐतिहासिक राष्ट्रिय सम्मेलन आकर्षक पर्यटकीय क्षेत्र पोखरामा सम्पन्न भएपछि हालै पुस ६-१० गतेसम्म चितवनमा केन्द्रीय समितिको पूर्ण बैठक सफलतापूर्वक सम्पन्न भएको छ । बैठकले एक तात्कालिक राजनीतिक प्रस्ताव र अर्को सङ्गठन तथा जनपरिचालन नामक प्रस्ताव पारित गरेको छ । बैठकबाट वर्तमान राजनीतिक अवस्थाको सटिक विश्लेषण, संसदीय निर्वाचनको समीक्षा, पार्टीको तात्कालिक कार्यक्रमलगायत क्रान्तिकारी कम्युनिष्टहरूले खेल्नुपर्ने भूमिकाको बारेमा निर्णय लिएको छ । पश्चगामी संसदीय व्यवस्था र

प्रतिक्रियावादी सत्ता र व्यवस्थामा आ–आफ्नो पकड बलियो बनाई राजनीतिक एकाधिकार कायम गर्न पहिलेदेखि नै ठूला भनिएका संसदवादी राजनीतिक दलहरूले तीन दलीय अधिनायकवाद लाद्न सिण्डिकेट प्रणाली प्रयोग गर्दै आएका थिए । यसका अतिरिक्त अहिलेको निर्वाचनमा थ्रेसहोल्डको व्यवस्था र कथित गठबन्धनका तिकडमहरू पनि प्रयोग गरे ।



● हरिभक्त कँडेल 'प्रतीक' ●

राज्यसत्ताको प्रतिक्रियावादी धारा एकातिर त्यसका विरुद्ध खडा भएको नेकपा (क्रान्तिकारी माओवादी)लाई अर्को क्रान्तिकारी धाराको भरपर्दो वैकल्पिक शक्तिमा विकास गर्ने यो बैठक बन्न पुगेको छ ।

नेपाली काङ्ग्रेसको नेतृत्वमा प्रतिक्रियावादी शासक वर्गले संसदीय निर्वाचनको नौटङ्की सम्पन्न गरेको छ । प्रतिक्रियावादी सत्ता र व्यवस्थामा आआफ्नो पकड बलियो बनाई राजनीतिक एकाधिकार कायम गर्न पहिलेदेखि नै ठूला भनिएका संसदवादी राजनीतिक दलहरूले तीन दलीय अधिनायकवाद लाद्न सिण्डिकेट प्रणाली प्रयोग गर्दै आएका थिए । यसका अतिरिक्त अहिलेको निर्वाचनमा थ्रेसहोल्डको व्यवस्था र कथित गठबन्धनका तिकडमहरू पनि प्रयोग गरे । उनीहरूको यो रवैयाले उनीहरू आफैले मान्दै आएको बहुदलीय व्यवस्था र बहुलवादको राम्रैसँग उदाङ्गो बनाए । यसलाई संसदीय व्यवस्थाको नैतिक पतन र असफलता एवम् सङ्कटको पर्यायको रूपमा लिन सकिन्छ । चुनाव जे-जसरी भए पनि जित्नुपर्ने मान्यताअनुरूप निर्वाचनमा आफैले पेश गरेको घोषणापत्रलाई कागजी खोस्टो बनाई जो-जोसँग पनि सट्टेबाजी गरी आफ्नो वास्तविक चरित्र प्रदर्शन त गरेकै थिए, यसमाथि थप पैसाको खोलो बगाएर मान्छेलाई किनबेच गर्ने विकृति र विसङ्गतिलाई पनि चरमचुलीमा ...बाँकी ७ पेजमा

## सम्पादकीय

# क्रान्तिकारी कम्युनिष्ट ध्रुवीकरणको प्रयासलाई स्वागत गरौं

हामीले गत अङ्कमा राष्ट्रिय स्वाधीनताको रक्षा, आम शोषित पीडित वर्ग, जाति, लिङ्ग र समुदायको हकहितको प्राप्ति र रक्षाको लागि एउटा क्रान्तिकारी शक्तिको निर्माण गर्न आजको आवश्यकता बनेको छ भनेर सम्पादकीय लेखेका थियौँ । हामीले सम्पादकीयमा सच्चा क्रान्तिकारी कम्युनिष्टहरू बीचको एक स्वतः स्फूर्त रूपमा हुन सक्दैन भन्दै सबै सच्चा क्रान्तिकारी कम्युनिष्टहरूले आआफ्नो ठाँउबाट एकीकरण र ध्रुवीकरणको लागि पहलकदमी सुरू गर्न आवश्यक छ भन्ने कुरालाई पनि औंल्याएका थियौँ । अहिले नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितिको बैठकले सच्चा क्रान्तिकारी कम्युनिष्टहरूलाई एकताबद्ध गर्ने उद्देश्य माथि जोड दिंदै मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा नयाँ जनवाद हुँदै समाजवाद तथा साम्यवादमा जान चाहने कम्युनिष्ट समूहहरू सित सम्वादको प्रक्रिया अगाडि बढाउनका लागि आवश्यक पहल गर्ने भन्ने निर्णय लिएको कुरा प्रेसव्यक्तव्य मार्फत् सार्वजनिक गरेको छ । यसै सन्दर्भमा राष्ट्रिय स्वाधीनता, जनतान्त्रिक अधिकार र सामाजिक, राजनीतिक तथा आर्थिक क्षेत्रमा आमूल परिवर्तन गर्नका लागि क्रान्तिकारी कम्युनिष्ट बीचको वैचारिक, राजनैतिक एवम् सङ्गठनात्मक एकीकरण तथा ध्रुवीकरण पनि अनिवार्य आवश्यक बन्न पुगेको निश्कर्ष सहित त्यस क्षेत्रमा पहल गर्ने निर्णय गरियो भन्दै नेकपा (क्रान्तिकारी माओवादी) र नेपाल कम्युनिष्ट पार्टीले संयुक्त प्रेस विज्ञप्ति प्रकाशित गरेका छन् । क्रान्तिकारी कम्युनिष्टहरूको बीचको एकता र ध्रुवीकरणको लागि यो पहल अत्यन्तै स्रहानीय र स्वागतयोग्य छ । यो पहललाई सबै सच्चा क्रान्तिकारी कम्युनिष्टहरूले अरू विस्तार गर्न जरुरी छ ।

निश्चय नै एकता के का लागि भन्ने कुरा अगाडि आउँछ । यो एकता सर्वहारा वर्गको नेतृत्वमा नेपालका मजदूर किसान लगायत आम शोषित उत्पीडित वर्ग समुदायको राज्यसत्ता स्थापना गर्नका लागि हुनु पर्दछ । यहि प्रश्नलाई केन्द्रमा राखेर भविष्यमा अगाडि बढ्ने वैचारिक आधार, राजनैतिक कार्यदिशा र सङ्गठनात्मक प्रणालीको विषयमा समान दृष्टिकोण बनाउन जरुरी छ । यसको लागि व्यापक बहस छलफलको आवश्यकता पर्दछ । क्रान्तिकारी कम्युनिष्ट ध्रुवीकरणको आवश्यकता महसुश गर्ने पार्टी, सङ्गठन, व्यक्तिहरूले कुनै पूर्वाग्रह नराखीकन अब यस दिशामा अगाडि बढ्नु पर्दछ । बहसको बीचबाट वैचारिक, राजनैतिक र साङ्गठनिक विषयहरूमा समान धारणा बनाएर मात्र एकता र ध्रुवीकरणलाई मूर्त रूप दिनु पर्दछ । यदि त्यसो नगरिकन एकता गरियो भने त्यो एकता अवसरवादी एकता हुने छ र त्यो एकता लामो समयसम्म टिक्न सक्दैन । त्यसको अर्थ सम्पूर्ण विषयहरूमा समान धारणा बनाउनु आवश्यक हुन्छ भन्ने होइन । वैचारिक राजनीतिक र सङ्गठनको आधार भूत प्रश्नहरूमा समान धारणाहरू बनाउनु पर्दछ र कतिपय विषयहरू यस्ता पनि हुन्छन् जसलाई छलफलमा लैजाने गरी एकतालाई मूर्त रूप दिन सकिन्छ ।

पार्टी एकता र ध्रुवीकरणको बहसलाई अगाडि बढाउँदै तत्काल राष्ट्रिय स्वाधीनता र जनजीविकाको प्रश्नहरूमा सहमत हुने विषयहरूमा कार्यगत एकता तथा सहकार्य गर्दै आन्दोलन उठाउन सबै सच्चा क्रान्तिकारी कम्युनिष्टहरूले तुरुन्त पहल गर्न जरुरी छ । यस दिशामा सबै सच्चा क्रान्तिकारी कम्युनिष्टहरूको ध्यान जाओस् ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।

www.moolbato.com

# कम्युनिष्ट पार्टीलाई अजय शक्ति बनाउन व्यापक जनताको सहयोग र समर्थन चाहिन्छ



● रामसिंह श्रीस ●

जनताको हितमा भन्दा आफ्नो व्यक्तिगत हित र पारिवारिक हितलाई अगाडि राख्छ भन्ने त्यस्ता व्यक्तिहरूको व्यवहारले गर्दा जनता पार्टीहरू नजिक पर्न चाहँदैनन् । त्यसकारण पार्टी सदस्यहरूको आचरण र व्यवहार आम श्रमिक जनताको पक्षमा, शोषण दमन र उत्पीडनको विरूद्धमा हुनुपर्दछ र मात्र पार्टीले जनताको व्यापक जनसमुदायसँग सम्बन्ध कायम राख्न सक्छ । त्यसकारण पार्टी सदस्यहरूले यो कुरालाई गम्भीरतापूर्वक लिनुपर्दछ ।

'हामीले कुन कुरालाई नियमको रूपमा लिन सक्छौं भने जबसम्म बोल्सेभिकहरूले जनताका व्यापक समुदायहरूसित सम्बन्ध कायम राख्छन्, तबसम्म उनीहरू अजय हुनेछन् ।' क. स्टालिन

हामीले पार्टी सङ्गठनको कुरा गर्दा लेनिनवादी सङ्गठनको कुरा निकै जोडतोडका साथ गर्दछौं । जनवादी केन्द्रीयता, पार्टी सदस्यता दिने, पार्टी कमिटी निर्माण गर्ने, कमिटी परिचालन आदि विषयमा प्रायः छलफल गरिरहेका हुन्छौं । तर पार्टी र जनताबीचको सम्बन्ध कस्तो हुनुपर्दछ भन्ने विषयमा धेरै कुरा गर्दैनौं गरे पनि कम गर्दछौं । यस लेखमा पार्टी र जनताको बीचमा कस्तो सम्बन्ध हुनुपर्दछ अर्थात् पार्टीले जनतासँग सम्बन्ध राख्न किन जरुरी पर्दछ भन्ने विषयमा प्रकाश पार्ने प्रयास गरिन्छ ।

ऐतिहासिक भौतिकवादले इतिहासको निर्माता जनता हुन् भन्दछ । यसको अर्थ व्यक्ति अथवा नेताको भूमिकालाई पूरै अस्वीकार गर्दछ भन्ने होइन । ऐतिहासिक भौतिकवादले व्यक्ति तथा नेताको महत्वपूर्ण भूमिका हुन्छ भन्ने कुरा स्वीकार गर्दछ तर परिवर्तन र क्रान्तिको लागि जनताको भूमिका नै प्रधान पक्ष हो भन्ने कुरा मान्दछ । पार्टीको राजनीतिक लाइन जति सही भए पनि उसको सङ्गठन जति अनुशासित र मिलिट्यान्ट भए पनि त्यो पार्टीलाई आम शोषित पीडित जनताको ठूलो हिस्साले समर्थन गरेन भने क्रान्ति सफल हुन सक्दैन ।

सोभियत सङ्घको कम्युनिष्ट पार्टी (बोल्सेविक) को इतिहासमा भनिएको छ, 'पार्टी जतिसुकै राम्रो अगुवा भए पनि र यो जतिसुकै सङ्गठित भए पनि, गैरपार्टी जनतासित सम्बन्ध कायम नगरिकन र सो सम्बन्धलाई नबढाइकन र बलियो नपारिकन यो जीवित रहन र विकिसित हुन सक्दैन । जुन पार्टीले आफूलाई आफ्नै घेराभित्र बन्द राख्दछ, आफ्नो वर्गसितको सम्बन्धलाई गुमाउँछ वा खुकुलो पार्छ, त्यसले स्वभावतः जनताको.. गुमाउने छ र त्यसको नारा अवश्यंमय हुनेछ । राम्ररी बाँच्ने र विकास गर्ने हो भने पार्टीले जनसाधारणसितको आफ्नो सम्बन्धलाई बढाउनु पर्दछ र आफ्नो वर्गका लाखौंलाख सदस्यहरूको विश्वास प्राप्त गर्नु पर्दछ ।' पृ.४३

यसबाट के प्रष्ट हुन्छ भने पार्टीलाई जीवित राख्न विकास गर्न र क्रान्ति सम्पन्न गर्नका लागि आम शोषित पीडित जनताको समर्थन पार्टीले प्राप्त गर्नै पर्दछ । यसको लागि पार्टीले के के गर्दा आम शोषित पीडित जनतासँग आफ्नो सम्बन्ध बढ्छ, सम्बन्ध सुदृढ र बलियो हुन्छ त्यसको हरसम्भव उपायहरू खोज्नै पर्दछ । त्यसो गर्न सकिएन भने पार्टी जतिसुकै सङ्गठित भए पनि त्यसले क्रान्ति गर्न सक्दैन किनभने अन्ततः जनताको सहयोग र सहभागिता बिना क्रान्ति सफल हुन सक्दैन ।

लेनिनवादी सङ्गठनात्मक सिद्धान्तले जनतासँग सम्बन्ध बनाउने कुरालाई सङ्गठन निर्माणको नियमभित्र नै राख्नुभएको छ । स्थानीय पार्टी सङ्गठनहरूको व्यापक जाल र लाखौं श्रमिक जनताको सहानुभूति र समर्थन पाएका पार्टी सदस्यहरूको ठूलो सङ्ख्या हुन आवश्यक छ भन्ने कुरालाई लेनिनले पार्टीको ढाँचा र बनौटअन्तर्गत राख्नुभएको छ । 'सामाजिक जनवादी पार्टी बन्नका लागि हामीले वर्गकै समर्थन प्राप्त गर्नु पर्दछ ।' भन्ने लेनिनको भनाइलाई सोभियत सङ्घको कम्युनिष्ट पार्टी (बोल्सेभिक)ले व्यवहारमा उतार्न विशेष जोड दियो । बोल्सेभिक पार्टीको विकास हुनु र क्रान्ति गर्न सफल हुनुमा क्रान्तिका अन्य शर्तहरूको साथै यो शर्तलाई बोल्सेभिक पार्टीले पूरा गरेको थियो ।

जनतासँग पार्टीको सम्बन्धलाई कसरी बलियो र विस्तार गर्ने ? यसको लागि पार्टीले के-के गर्नु पर्दछ ? यस सम्बन्धमा पार्टीमा प्रष्टता हुनु पर्दछ । पहिलो कुरा पार्टीले जनताको बीचमा स्थानीय सङ्गठनको जाल फैलाउनु पर्दछ । हरेक कारखाना, विद्यालय, गाउँ टोलहरूमा पार्टीको कमिटीहरू हुनु पर्दछ । अहिले हामीले यस प्रकारको स्थानीय सङ्गठनको जालो बनाउन सकिरहेका छैनौं । त्यस कारण हाम्रो पहिलो ध्यान यस विषयमा जानु पर्दछ ।

दोस्रो कुरा स्थानीय सङ्गठनहरूले राष्ट्रियता र जनजीविकाका राष्ट्रिय मागहरूको साथै स्थानीय जनताका स्थानीय समस्याहरूलाई पनि उठाएर आन्दोलन गर्न पहलकदमी लिनु पर्दछ । जनता खास गरेर शोषित उत्पीडित वर्ग र समुदायको समस्याहरू हल गर्न स्थानीय पार्टीले विशेष ध्यान दिनु पर्दछ । आम शोषित पीडित जनताको समस्यालाई हल गर्न स्थानीय पार्टीहरू अग्रिम पङ्क्तिमा उभिएर मात्र पार्टीले जनताको समर्थन र सहानुभूति लिन सक्छ ।

तेस्रो जनताको समर्थनलाई भरपर्दो र बलियो बनाउनका लागि उनीहरूलाई सङ्गठित गर्न आवश्यक हुन्छ । जनताको समर्थनलाई सङ्गठनमा रूपान्तरण गर्न सकिएन भने त्यो समर्थन बलियो र दिगो हुन सक्दैन । त्यसकारण हामीले पार्टी सङ्गठनको साथसाथै मोर्चा र जनवर्गीय सङ्गठनहरूको निर्माण र विस्तारमा विशेष जोड दिनु पर्दछ । जनवर्गीय सङ्गठनको विस्तृत रूपमा विस्तार गर्न सकिएपछि मात्र पार्टीलाई आम शोषितपीडित जनताको समर्थन र सहयोगलाई सङ्गठित रूपमा विश्वासिलो बनाउन सकिनेछ ।

गैरपार्टी जनताको सहयोग र समर्थन जुटाउन पार्टी सदस्यहरूका आचरण र व्यवहारले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । जब पार्टी सदस्यहरूको आचरण र व्यवहार आम शोषित पीडित जनताको पक्षमा हुन्छ र शोषण र दमनको विरुद्धमा हुन्छ हरेक अन्याय र अत्याचारको विरुद्धमा हुन्छ । नितान्त व्यक्तिगत र पारिवारिक स्वार्थभन्दा माथि शोषित पीडित जनताको पक्षमा हुन्छ, त्यसबेला आम श्रमिक जनताले त्यस्तो पार्टी सदस्यलाई आफ्नो अभिभावक, नेता ठान्दछन् र उसको पछि लाग्छन् । उसको पछि लाग्ने भनेको पार्टीको वरिपरि गोलबन्द हुने हो । यदि पार्टी सदस्यको आचरण व्यवहार आम श्रमिक जनताको पक्षमा छैन, उसको बोली र व्यवहारमा तारतम्य छैन, जनताको हितमा भन्दा आफ्नो व्यक्तिगत हित र पारिवारिक हितलाई अगाडि राख्छ भने त्यस्ता व्यक्तिहरूको व्यवहारले गर्दा जनता पार्टीहरूको नजिक पर्न चाहँदैनन् । त्यसकारण पार्टी सदस्यहरूको आचरण र व्यवहार आम श्रमिक जनताको पक्षमा, शोषण दमन र उत्पीडनको विरुद्धमा हुनुपर्दछ र मात्र पार्टीले जनताको व्यापक जनसमुदायसँग सम्बन्ध कायम राख्न सक्छ । त्यसकारण पार्टी सदस्यहरूले यो कुरालाई गम्भीरतापूर्वक लिनुपर्दछ ।

पार्टी अजय शक्ति बन्नका लागि स्टालिनले भनेझैं पार्टीले जनताका व्यापक समुदायसित सम्बन्ध कायम राख्न निरन्तर प्रयत्न गर्नु पर्दछ । र, यो कुरालाई एउटा नियमकै रूपमा लिनुपर्दछ ।

---

झर्रोटर्रो | कैलुब्राह

# समानुपातिके बल्छी

समानुपातिक भनेको सम र अनुपातको मिलन हो । सम भनेको बराबर र अनुपात भनेको तुलना हो । सम, अनुपात र इक मिलेर समानपातिक हुन्छ । संसदको भाषामा यसको संयोजन बेग्लै प्रकारले बनेको हुन्छ । सम भनेको लाउकेका अनुपात भनेको स्वास्नीहरू र इक भनेको झिक हुन्छ । यसरी लाउकेका स्वास्नीहरू झिक भन्नु नै समानुपातिक हो । यसो गर्दा लोग्ने स्वास्नी बराबर भन्ने हुन्छ । संसदीय दलका लाउके नेताहरू प्रत्यक्षमा जितेपछि तिनका स्वास्नी समानुपातिकमा पर्नै पर्‍यो । नत्र पार्टी चल्नै सक्दैन ।

यो जिनिस विशेष गरेर गणितको हिसाब किताव निकाल्नमा प्रयोग हुन्छ । नेपाल मण्डलमा भने यो जिनिस देश र प्रदेशको चुनाउमा राम्रोसँग प्रयोग भइआएको छ । अहिलेको जमानामा चुनाउ पनि हिसाव किताबकै रूपमा प्रयोग भइआएकाले समानुपातिक पनि चुनाउमा प्रयोग भएको हो । आखिर चुनाउ पनि नाफा घाटाकै खेल त हो । लोकतन्त्रे राजनीतिमा यी चुनाउ, सरकार, संसद भनेका धन पैसो आर्जन गर्ने र पुस्ता दरपुस्ताका लागि जोहो गर्ने जिनिस बनेका छन् । चुनाउ र संसद भन्ने जिनिस लोकतन्त्रका क श्रेणीका ठेकेदार खैरे कुइरेका मुलुकबाट विस्तारित भएर छिमेकी गुज्जर भैय्याका मुलुक हुँदै नेपाल मण्डलमा फुत्त छिरेको हो । सरकार त यो मुलुकमा पहिला भुरे टाकुरेपालादेखि नै थियो । लोकतन्त्रे जिनिस छिरेपछि लोकतन्त्रे दलका लाउके नेताहरूलाई राम्रोसँग फलिफाप भएको छ । कसै कसैले त आफू कति पटक मन्त्री पर्धानमन्त्री बन्छु भन्दै बनारसी पण्डा र उनीहरूबाट दीक्षित जोतिषहरूकोमा गएर हात हेराउने गरेका पनि छन् । त्यसैले यो लोकन्त्रे जिनिस जोतिषहरूका निम्ति पनि काइदाको व्यापार बनेको छ । क्या वात लोकतन्त्र ।

अब रह्यो मुख्य कुरो समानुपातिक जिनिसको अर्थात् बल्छीको । लोकतन्त्रे संविधान बनाउने बेलादेखि नै नेपाल मण्डलका लाउके दलका लाउके नेताहरूले समानुपातिक जिनिस घुसाए । यो जिनिसलाई उनीहरूले बल्छीका रूपमा प्रयोग गरेका छन् । किनकि लोउके दलका लाउके नेताहरूले प्रत्यक्षमा चुनाउ जितेपछि तिनका स्वास्नीहरूलाई पनि संसद र सरकारमा अनिवार्य छिराउनुपर्ने भयो । भाले पोथी दुबै बराबर भन्ने नारा लोकतन्त्रे जिनिसले भित्र्याएको हुनाले भाले पोथी दुबैको बराबरी हक कायम गर्न यो नीति ल्याउनु परेको हो । त्यसपछि आआफ्ना छोराछोरी, बुहारी, सालासाली, भाइभतिजा, नाता कुटुम्बलाई पनि भागपुग्दो स्थान दिनु पर्‍यो । यसका साथै पार्टीलाई धनधान्य बनाउने धनकुवेरहरूलाई पनि स्थान सुरक्षित गरिदिनु पर्‍यो । उनीहरू त झन् पार्टीका अन्नदाता, मुक्तिदाता भैगए । तिनलाई स्थान नदिए त लाउके नेताहरूलाई प्रत्यक्ष चुनाउ लड्न माहाभारतको चक्रब्युह तोड्नु जत्तिकै मुसिफत पर्छ । यसरी जन्मिएको हो समानुपातिक जिनिस । लाउके नेतादेखि उनका धर्मपत्नी हुँदै नाताकुटुम्ब र पार्टीका अन्नदाता प्रभुहरूलाई समेत बराबरी हिस्सेदार बनाएर संसद र सरकारमा भागविलो लाउने जिनिस भएकाले यसलाई समानुपातिक भनिएको हो ।

यतिखेर देश र प्रदेशको चुनाउ सकिएको छ । चुनाउ सकिए लगत्तै लाउके दलका लाउके नेताहरूले हात हातमा समानुपातिक बल्छी समाएर बसेका छन् । उनीहरूले बल्छी हानेर निर्वाचन आयोगको पोखरीमा उफ्रिरहेका समानुपातिक जातका हाइब्रीड माछालाई फुत्त फुत्त तानिरहेका छन् । प्रत्यक्ष चुनाउमा होमिएर हारेका र जितेका दुवैथरी हनुमामनहरूका धर्मपत्नी, आफ्ना छोरी बुहारीहरूलाई टप्प टप्प बल्छीबाट तानेर समानुपातिक कोटामा छिराइरहेका छन् । यसरी बल्छीबाट नतानिएका र नेताका कोपभाजनमा पारिएकाहरूले फेसबुके पानामा रुवावासी गरेर ख्वामितका अगाडि सके विन्तिभाऊ, जीहजुरी र हारगुहार नभए सत्तोसराप गरिरहेका छन् । यो समानुपातिक नामको जिनिसले संसदमा छिर्न पाउने लाइसन पाएका दलहरूमा निकै कोकोहोलो मच्चाएको छ । उता तिनै लाउके दलका लाउके नेताहरूले आफ्नो कोटरी बलियो बनाउने मौका यहि हो भन्दै आफूलाई सुमेरु मानेर परिक्रमा गर्ने गणेशको जमात बनाएर समानुपातिकको बरदान दिएका छन् ।

लाउके नेताहरूले आआफ्ना हनुमानहरूको कोटरी बलियो पार्न समानुपातिकको बल्छी प्रयोग गरेपछि ती दलहरूमा निकै ठूलो रडाको मच्चिएको छ । केही दलमा त कुटाकुट भकुराभकुर र तोडफोड पनि चलेछ । भकुर्न जानेहरूले पनि किन कुरा नबुझेको होला, यो समानुपातिक भनेकै लाउकेहरूले आआफ्ना स्वास्नी, छोराछोरी र अन्नदाताहरूलाई छिराउने जिनिस हो भन्ने कुरा । त्यसमा पनि अहिलेको पटक त लाउकेहरूको दोस नै के छ र भकुर्नु पर्‍यो ? निर्वाचन आयोगले नै आआफ्ना स्वास्नीहरूलाई पठाऊ, यदि स्वास्नी नभए छोरी बुहारीहरूलाई पठाऊ भनेर तोकी पठाएको छ । एउटा दलले त तिनै आयोग प्रमुखको बुहारीलाई पनि छिराएछ । कन्या कुमारीहरू लिष्टमै थिएनन् होला । महिला जति कसै न कसैका स्वास्नी नै थिए । तिनलाई तोक्दा स्वास्नी परे भनेर रिसाउनु जरुरी नै छैन । झगडा गरेर दलभित्र रडाको मच्चाउनु भन्दा बरू अहिलेदेखि नै लाउकेहरूको गोडामा तेल लगाउने, बेलाबखत नजराना चढाएर तृप्त पार्दै जाने र उनीहरूको वरिपरि परिक्रमा गर्नितर लागेमा आर्कोचोटीको चुनाउमा भागविलो पर्न सक्छ । नपाएकाहरूले यसो गर्नु नै मनासिव होला भन्ने यो कैलुब्राहको ठहर छ ।

*१५ पुस २०७४*

*kailubraha73@gmail.com*

# तात्कालिक राजनीतिक प्रस्ताव




**१–वर्तमान राजनीतिक परिस्थिति**

(क) देशमा हालै पश्चगामी राज्यसत्ता तथा व्यवस्था अन्तर्गत संसदीय निर्वाचनको नौटङ्की मञ्चन गरिएको छ । यस प्रकारको सत्ता तथा व्यवस्थामा आ-आफ्नो पकड बलियो बनाउनका लागि प्रमुख भनिएका संसदवादी राजनीतिक दलहरूद्वारा विभिन्न प्रकारका तिकडमहरू गर्दै आउने काम भएको छ । यस सन्दर्भमा निर्वाचनमा थ्रेसहोल्डको व्यवस्था र कथित गठबन्धनहरूको निर्माण विशेष उल्लेखनीय रहेका छन् ।

(ख) थ्रेसहोल्डको व्यवस्थाले नेपाली संसदवादी राजनीतिमा एकातिर कतिपय राजनीतिक दलहरूका लागि एकाधिकारवाद तथा सिण्डिकेट प्रणालीलाई बलियो बनाउन मद्दत गरेको छ भने अर्कोतिर उनीहरू आफैले स्वीकार गर्दै आएको बहुदलीय व्यवस्था र बहुलवादमाथि गंभीर प्रश्नचिन्ह खडा गरिदिएको छ । यो संसदीय अधिनायकवादी व्यवस्थाको एक कुरूप उदाहरण हो । यसलाई सैद्धान्तिक रूपमा संसदीय व्यवस्थाकै नैतिक पतन र असफलताको निसानीका रूपमा बुझ्नु पर्दछ ।

(ग) संसदीय निर्वाचनको प्रक्रियामा अप्रत्याशित रूपमा दुई प्रकारका राजनीतिक गठबन्धनहरू बनाइएका छन्, ती हुन्-कथित वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धन । नेकाको नेतृत्वमा बनाइएको लोकतान्त्रिक गठबन्धन 'वाम' गठबन्धनको प्रतिक्रियास्वरूप जन्मिएको हो र त्यसले जनतामा कुनै नयाँ प्रकारको भ्रम दिन सक्तैन । परन्तु, एमालेको नेतृत्वमा बनेको कथित वाम गठबन्धनले भने कम्युनिस्ट नाममा परिवर्तनकामी जनतामा ठूलो भ्रमको सिर्जना गरेको छ । अहिलेको संसदीय निर्वाचनमा 'वाम' गठबन्धनको कथित विजय भएको छ । यो नेपाली जनता र क्रान्तिका निम्ति ठूलो चुनौती र प्रतिकूलता हो ।

(घ) साम्यवादको महान् आदर्श परित्याग र प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थालाई स्वीकार गरिसकेका तत्वहरू कम्युनिस्टको नाम र रातो झण्डामा सिँगारिएको देख्दा एकातिर क्रान्तिका विरुद्ध जनतालाई अझै भ्रमित तुल्याउन ठूलो मद्दत पुगेको र अर्कोतिर पुरानाका ठाउँमा नयाँ कठपुतलीहरू तयार भएकोमा साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरू मख्ख परेका छन् ।

(ङ) अहिलेको संसदीय निर्वाचनको एउटा मूल विशेषता भनेको पहिलेको भन्दा धेरै ठूलो मात्रामा पैसाको खोलो बगाउनु हो । यसबाट संसदीय निर्वाचन एकातिर क्रयविक्रयको पराकाष्ठाका रूपमा विकृतीकरणको थलो बन्न गएको छ भने अर्कोतिर यसले भ्रष्टचारलाई संस्थागत गर्नका लागि थप आधार प्रदान गरेको छ ।

(च) प्रतिक्रियावादीहरू तथा प्रतिक्रियावादमा पतन भएका दक्षिणपन्थी संशोधनवादीहरूले यस निर्वाचनबाट संक्रमणकालको अन्त्य, लोकतान्त्रिक गणतन्त्रको संविधानको कार्यान्वयन र इतिहासको नयाँ अध्याय तथा नयाँ युगको थालनी, भएको बताएका छन् । वैदेशिक प्रतिक्रियावादीहरूले पनि निर्वाचनको सराहना गरेका छन् र बधाई दिएका छन् । परन्तु, वास्तविक अर्थमा नेपालमा प्रतिक्रान्तिको अर्को अध्यायको थालनी भएको छ । हामीले प्रतिक्रान्तिको यस अध्यायको अन्त्य र नयाँ जनवादी क्रान्तिको नयाँ अध्यायको थालनी गर्नका लागि विशेष परिश्रम गर्न जरुरी छ ।

(छ) यद्यपि आगामी सरकारले सुधारका केही काम र समाजवादका लफ्फाजीका कुरा गरेर आफूलाई विकासवादीका रूपमा पेश गर्न कोशिस गर्नेछ । तर, दलाल पूँजीवाद, नवउदारवाद र वैदेशिक उत्पीडनले जर्जर बन्दै आएको अर्थतन्त्रलाई सुधारको फाटेको जालले कुनै पनि हालतमा थेग्न सक्तैन । त्यसले आमूल परिवर्तनका लागि अपूर्व त्याग, वीरता तथा वलिदानी भावका साथ अनेकौँ जनआन्दोलन र दश वर्षको महान् जनयुद्धमा होमिएका जनताका आशा, अपेक्षा र आवश्यकताको कदापि सम्बोधन गर्न सक्दैन । हुन त माकेको एमालेसितको विलयनले दक्षिणपन्थी अवसरवादको रूपमा नवप्रतिक्रियावादको गढ अझै बलियो बन्न सक्तछ, परन्तु, त्यो अस्थायी कुरा हो । अव माकेले आफूलाई क्रान्तिकारी देखाउने ठाउँ समाप्त भएको छ र पुरानो प्रतिक्रियावादले जस्तै नवप्रतिक्रियावादले पनि दुर्गति भोग्नु पर्ने छ । भावी दिनमा एकातिर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका साथै वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिकलगायतका जनताका समस्या थप जटिल तथा गंभीर बन्दै जानेछन् भने अर्कोतिर सत्ताधारी र प्रतिपक्षीका बिचको अन्तर्विरोध पनि नयाँ ढुङ्गले चर्कने छ । देश र जनताको पक्षमा उभिई क्रान्तिको प्रक्रिया अगाडि बढाउन अब मैदान खालि भएको छ । हामीले मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम तथा पिछडिएका क्षेत्रका जनताका आधारभूत तथा जल्दाबल्दा दुवै प्रकारका समस्यालाई लिएर सङ्घर्षको तयारी र विकासमा लाग्नु पर्दछ । यस प्रकारको स्थितिलाई गंभीरतापूर्वक आँकलन तथा नयाँ संभावनाको खोज गरी प्रतिकूलतालाई अनुकूलतामा बदल्ने र हरेक प्रकारका चुनौतीहरूको सामना गर्ने काममा अत्यन्तै परिश्रमका साथ सचेत रूपमा संलग्न हुनु पर्दछ ।

(ज) वर्तमान स्थितिमा हामीले पार्टी पङ्क्तिलाई सुदृढ तुल्याउने, क्रान्तिकारी कम्युनिस्टहरूका बिचको एकीकरण तथा ध्रुवीकरणको प्रकृयालाई अगाडि बढाउन ठोस रूपमा पहल गर्ने र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्यालाई मूर्तीकृत गरी स्वतन्त्र तथा संयुक्त रूपमा सङ्घर्षलाई नयाँ ढङ्गले सङ्गठित तथा विकसित तुल्याउनेतर्फ योजनाबद्ध रूपमा क्रियाशील हुनु पर्दछ र मुख्यतः नयाँ जनवादी क्रान्तिको तयारीको दिशामा दृढतापूर्वक अगाडि बढ्नु पर्दछ ।

**२– संसदीय निर्वाचनको समीक्षा**

"वास्तविक जीवन तथा वास्तविक क्रान्तिको इतिहासले के देखाउँछ भने 'श्रमिक जनताको बहुमतको सहानुभूति' प्रायः कुनै पनि चुनावद्वारा प्रदर्शित हुन सक्तैन ।..... आफ्नो अग्रदस्ता सर्वहारावर्गप्रति श्रमिक जनताको विशाल बहुमतको सहानुभूति र समर्थन बिना सर्वहारा क्रान्ति असम्भव छ । परन्तु, त्यस प्रकारका सहानुभूति र समर्थन एकाएक अभिव्यक्त हुँदैनन् र चुनावद्वारा निर्धारित हुँदैनन् । ती त लामो, कठिन तथा निर्मम वर्गसङ्घर्षका क्रममा प्राप्त हुन्छन् । – *लेनिन*

लेनिनका उक्त भनाई हाम्रा लागि विशेष मननीय रहेका छन् ।

भर्खरै संसदीय निर्वाचन भइसकेको छ । यस निर्वाचनमा 'वाम' गठबन्धन 'बहुमतले विजयी' भएको छ । यस निर्वाचनमा पार्टीले देजमोका उमेदवारहरूलाई समर्थन गरी उपयोग गर्ने नीति लिएको थियो । यसमा केही कमी तथा सिमा रहे । यी सबै विषयबारे छोटो समीक्षा गर्न जरुरी छ ।

- अहिलेको निर्वाचनमा नेका पछाडि पऱ्यो । नेकाले एकातिर पुरानै ढङ्गले आफूलाई प्रजातन्त्रको पर्यायका रूपमा प्रस्तुत गरिरह्यो भने अर्कोतिर अधिनायकवादका रूपमा 'कम्युनिस्ट' व्यवस्थाको विरोध गर्नु बाहेक अर्को कुनै नारा दिन सकेन ।
- कथित वाम गठबन्धनले मार्क्सवादको आवरणमा सुधार, स्थायित्व र समृद्धिको नारा पेश गऱ्यो । वामपन्थी राजनीतिप्रति आकर्षित हुँदै आएको नेपाली जनताले तत्काल कुनै भरपर्दो विकल्प देखेन र 'वाम' गठबन्धनप्रति आकर्षित बन्यो । अथवा भनौ 'वाम' गठबन्धन जनतालाई भ्रम दिन सफल रह्यो ।
- अहिलेको निर्वाचनमा थ्रेसहोल्डको व्यवस्था, 'वाम' गठबन्धनको प्रचारशैली र आर्थिक चलखेल अत्यन्तै प्रभावी बने ।
- पार्टीद्वारा समर्थित मोर्चाका उम्मेदवारहरूको विजयको अपेक्षा नगरिए पनि कतिपय ठाउँमा सम्मानजनक मत आउने अपेक्षा गरिएकोमा सो हुन सकेन ।
- निर्वाचनमा कसैसित तालमेल गरिएन र नजिकका कुनै पनि शक्तिसित तालमेल गर्ने स्थिति रहेन । नेका, एमाले, माके एउटै संसदीय ड्याकका मूलाहरू थिए र तिनीहरूसित तालमेल गर्ने कुरै भएन ।

उक्त विषयको साथमा निर्वाचनमा हाम्रो आफ्नै स्थितिबारे ठोस रूपमा समीक्षा गर्न आवश्यक छ । सामान्यतः १) सत्ता तथा व्यवस्थाको केही हदसम्म भण्डाफोर गरी पार्टीका विचार जनतामा पुऱ्याउन, २) मूलतः सङ्गठन परिचालन गर्न र ३) पार्टी तथा क्रान्तिको पक्षमा केही जनाधार तयार पार्न कतिपय उपलब्धि हासिल गरिएको छ । अत्यन्तै प्रतिकूल तथा जटिल स्थितिमा पनि चुनावी सङ्घर्षमा दृढतापूर्वक उभिएर देजमोका उम्मेदवारहरूद्वारा ठूलो साहस प्रदर्शन गर्ने काम भएको छ । सामान्यतः तुलनात्मक रूपमा उपयोगको नीति सफल रहेको छ । साथै, निर्वाचनको क्रममा हाम्रा कमी तथा कमजोरी र सिमा पनि प्रकट हुन गएका छन् । ती मूलतः यी हुन् -क) सङ्गठनको कमजोर अवस्था तथा सिमा राम्रोसित उजागर भए, ख) प्रचारात्मक कार्यमा कतिपय ठाउँमा आफ्नै पङ्क्तिलाई पनि राम्रोसित परिचालित गर्न सकिएन, ग) जनसेवा तथा जनसम्बन्धको क्षेत्रमा ठूलो अभाव खड्कियो घ) प्रचारात्मक कार्यमा आर्थिक समस्या जटिल विषय बन्यो । ङ) प्रत्यक्षतर्फ भन्दा समानुपातिकमा जान खोज्ने तथा पराजयको भयले उमेदवार बन्न हिच्किचाउने प्रवृत्ति पनि देखापरे ।

निर्वाचनको प्रक्रियामा हाम्रा आफ्नै कमी, कमजोरी तथा सिमा बाह्य रूपमा समेत उजागर हुन पुगेका छन् । यी कुराबाट अंशतः केही निराशाका भाव पनि प्रकट भएका छन् । यस क्रममा कतिपय गंभीर प्रकृतिका अनुशासन उल्लङ्घनका घटना पनि घटेका छन् । उक्त सबै परिघटनाबाट पार्टीलाई अगाडि बढ्ने काममा अत्यन्तै मूल्यवान अनुभव तथा शिक्षा प्राप्त भएका छन् र यी मध्ये सबैभन्दा मुख्य शिक्षा सङ्गठनको विस्तार र सुदृढीकरणमा जोड दिनुपर्छ भन्ने नै रहेको छ । यस प्रकारका अनुभव तथा शिक्षालाई राम्रोसित आत्मसात गरी अगाडि बढ्न जरुरी छ ।

हाम्रा कमजोरी तथा सिमा रहे पनि सम्मानजनक मत प्राप्त नभएकोमा निराश बन्नुपर्ने कुनै कारण छैन । वाम गठबन्धनका नाममा दक्षिणपन्थी अवसरवादको वेगवान बाढी आएको, क्रान्तिको कुरा गर्नेहरू स्वयम् प्रतिक्रान्तिका संवाहक बनेको, क्रान्तिकारी शक्ति कमजोर बन्न गएको र जनतामा ठूलो विभ्रम पैदा भएको स्थितिमा निर्वाचनमा यस प्रकारको परिणाम आउनुलाई हामीले बर्बादै भयो भनेर बुझ्नु हुँदैन । यो त केवल उपयोग मात्र हो । यस सन्दर्भमा लेनिनका उक्त भनाइहरू हाम्रा लागि विशेष स्मरणीय तथा मननीय रहेका छन् ।

**३– आगामी कामको योजना**

पार्टीको गत राष्ट्रिय सम्मेलनमा पारित दस्तावेजहरूलाई आधार बनाई तथा नयाँ जनवादी क्रान्तिको तयारीलाई केन्द्रविन्दुमा राखी आगामी कामका दीर्घकालीन तथा तात्कालीन योजना बनाउनु पर्दछ र तिनलाई चरणबद्ध रूपमा संपन्न गर्दै अगाडि बढ्नु पर्दछ । तदनुसार आगामी कामको तात्कालीन योजना यस प्रकार रहेको छ :

***(क) सैद्धान्तिक तथा राजनीतिक काम***

- मार्क्सवाद-लेनिनवाद-माओवाद, साम्यवाद, समाजवाद तथा नयाँ जनवादको पक्षमा र वर्तमान पश्चागामी राज्यसत्ता, साम्राज्यवाद, विस्तारवाद तथा दक्षिणपंथी संशोधनवादको विरोधमा प्रचारात्मक तथा आन्दोलनात्मक कामलाई सङ्गठित गर्ने ।
- सम्मेलनमा पारित पार्टीका आम तथा विशिष्ट नीति, कार्यक्रम तथा कार्यदिशामा आधारित रही सङ्गठन तथा सङ्घर्षका कार्यलाई विकसित गर्दै जाने ।
- पार्टीको मुखपत्रलाई नियामित तथा व्यवस्थित बनाउने ।
- बाह्य प्रकाशनका कामलाई नियमित तथा व्यवस्थित बनाउने ।
- पार्टी प्रशिक्षण र स्कुलका कामलाई सङ्गठित तथा व्यवस्थित तुल्याउने ।
- आवश्यकता अनुसार केन्द्रीय समितिको कार्यशाला संचालन गर्ने ।

***(ख) साङ्गठनिक काम***

यो वेला हामीले साङ्गठनिक कामलाई विशेष महत्व दिनु पर्दछ । सङ्गठनको अभावमा पार्टीका कुनै पनि काम अगाडि बढ्न सक्तैनन् । तसर्थ, हामीले विशेष जोड दिनु पर्ने अहिलेको प्रमुख काम हो- सङ्गठन, सङ्गठन र फेरि पनि सङ्गठन । हामीले सङ्गठनका कामलाई निम्नानुसार व्यवस्थित तुल्याउनु पर्दछः

*क) साङ्गठनिक संरचना :* पार्टीको साङ्गठनिक संरचना केन्द्र, प्रदेश, जिल्ला, इलाका, स्थानीय तह र शेलका रूपमा निर्माण र सञ्चालन गर्नु पर्दछ । इलाका तहमा नगर र गाउँ पालिका, स्थानीय तहमा वार्ड तथा युनिटहरू र प्रारभिक समितिका रूपमा शेलहरू रहने छन् । आवश्यकता अनुसार विभिन्न तहमा विशेष समितिहरूको निर्माण गरिने छ ।

*ख) इञ्चार्ज तथा सचिवको व्यवस्था :* प्रदेशदेखि एरिया तहसम्म सबै सङ्गठनहरूमा सचिवको साथमा इञ्चार्जको पनि व्यवस्था गर्नु पर्दछ । समितिहरूमा सङ्गठनको कार्यकारी भूमिका सचिवको र अभिभावकत्वको भूमिका इञ्चार्जहरूको हुनेछ । इञ्चार्जले केवल बैठकमा रहने मात्र होइन प्रत्यक्ष रूपमा सम्बन्धित तहको सङ्गठनलाई अगाडि बढाउन संरक्षक र सङ्गठकको भूमिका समेत निर्वाह गर्नु पर्दछ ।

*ग) विभागहरूको गठन/पुनर्गठन :* अन्तर्राष्ट्रिय, स्कुल, प्राकृतिक स्रोत तथा साधन, अर्थ लगायतका विभागहरूको गठन पुर्नगठन गर्नु पर्दछ ।

*घ) जुझारु मोर्चाको गठन :* जुझारु मोर्चाको केन्द्र तथा प्रदेश तहमा आयोग र विभिन्न तहमा टिमहरूको निर्माण, प्रशिक्षण तथा परिचालनको व्यवस्था मिलाइने छ ।

*ङ) संयुक्त मोर्चाको गठन/पुर्नगठन :* संयुक्त मोर्चाको केन्द्रदेखि तलसम्म गठन/पुनर्गठन, विस्तार र परिचालन गरिने छ ।

*च) जवस, मोर्चा तथा फ्र्याक्सनबारे :* जवस मोर्चाहरूको गठन/पुर्नगठन, विस्तार र फ्र्याक्सन व्यवस्था सम्बन्धी कामलाई अगाडि बढाउनु पर्दछ ।

***(ग) जनपरिचालन तथा सङ्घर्ष सम्बन्धी काम :***

सङ्गठन र सङ्घर्षका बीच घनिष्ट सम्बन्ध हुन्छ । सङ्गठन बिना सङ्घर्ष हुँदैन र सङ्घर्ष विना सङ्गठन हुँदैन । अहिले सङ्गठनका कामलाई प्राथमिकता दिँदै सङ्घर्ष र जनपरिचालनका कामलाई पनि अगाडि बढाउनु पर्दछ ।

***(घ) आर्थिक क्षेत्रमा काम :***

आर्थिक समस्या अहिलेको एउटा प्रमुख समस्या हो । कार्यालय सञ्चालन, प्रकाशन, साङ्गठनिक व्यवस्थापन लगायतका कामहरूमा गंभीर समस्या पैदा भएका छन् । यी समस्यालाई राम्रोसित आत्मसात् गरी समाधान गर्नेबारे ठोस व्यावहारिक र उपयुक्त निर्णय लिन जरुरी छ । यस सन्दर्भमा सर्वप्रथम केन्द्रीय सदस्यकै लेवीलाई बढाउनु तथा नियमित बनाउनु पर्दछ । दोस्रो, तलसम्म लेवी तथा कोटा प्रणालीलाई व्यवस्थित बनाउनु पर्दछ । तेस्रो, आर्थिक उत्पादनको काममा विशेष जोड दिनु पर्दछ । तत्काल केन्द्र, प्रदेश र जिल्लाहरूमा कम्तीमा पनि एउटा योजना बनाई कार्यान्वयनमा जानु पर्दछ ।

***(ङ) एकीकरण तथा ध्रुवीकरण सम्बन्धी काम :***

पार्टीको एकीकरण तथा ध्रुवीकरणको काममा तत्काल विशेष पहलकदमी लिई अगाडि बढ्नु पर्दछ ।

***(च) कार्यगत एकताबारे :***

सङ्घर्षका एजेन्डाहरू अर्थात् विषयवस्तुमा समान धारणा राख्ने राजनीतिक शक्तिहरूसित कार्यगत एकता गरी सङ्घर्ष संचालन गर्नु पर्दछ ।

सङ्गठन र जनपरिचालनका कामलाई व्यवस्थित तुल्याउनका लागि केन्द्रित तथा घनीभूत रूपमा तीन महिने अभियान चलाउनु पर्दछ । त्यसै क्रममा पार्टी, संयुक्त मोर्चा, जवस मोर्चाका इलाका, जिल्ला र प्रदेश तहमा सम्मेलनहरू गर्नु पर्दछ । त्यसपश्चात् संयुक्त मोर्चा, जवस मोर्चाहरूको केन्द्रीय स्तरका भेला वा सम्मेलनहरूको आयोजना गर्नु पर्दछ । अन्ततः हामी सङ्गठन र सङ्घर्ष दुवै क्षेत्रमा क्रमभङ्ग गर्दै अगाडि बढ्नु पर्दछ ।

*(के. का. का तर्फबाट २०७४ पुस ६ के.स.को बैठकमा प्रस्तुत प्रस्ताव)*

# चुनाव, सुधार, स्थायित्व र समृद्धिबारे एक टिप्पणी

केही समय अगाडिसम्म नेकपा (माके) लाई एमाले बन्दै छ भन्दा ठूलो गाली हुन्थ्यो । अहिले त्यो यथार्थमा बदलिएको छ । कुनै समय पुष्पकमल दहाललाई संसदवादी भन्दा ठूलो गाली हुन्थ्यो अहिले त्यसलाई तेरो मुखमा 'दूध र भात' जस्तै भएको छ । यसपालिको निर्वाचनमा कथित वाम गठबन्धनले सुधार, स्थायित्व र समृद्धिको नारा लगाएर विजय प्राप्त गऱ्यो । यो गठबन्धन नगरिएको भए कथित वामको हालत के हुन्थ्यो भन्ने कुरा २०५मतदाता बढ्दा नेकपा (माके)ले समानुपातिकमा २ लाख भोट घट्यो भनेर समीक्षा गरेको घटनाबाटै उत्तर प्रष्ट हुन्छ । यो पटक (क्रान्तिकारी माओवादी)ले संसदीय व्यवस्थाको भण्डाफोर सहित निर्वाचनको उपयोग गर्दा जित्ने आश नगरेको भएपनि अपेक्षित मत आएन । नेपालको इतिहासमा २०७४को निर्वाचन एउटा मोड हो । हरेक मोडमा जनताले एकपटक हेर्छौं न त भन्ने गर्छन् । २०४८ सालको तुलना गर्दा नयाँ जनवादी क्रान्तिको तयारी र संसदीय व्यवस्थाको भण्डाफोर गर्दा तात्कालिक संयुक्त जनमोर्चाले संसदमा समेत भण्डाफोर गर्ने गरी केही प्रतिनिधि पठाउन सफल भएको थियो । त्यतिखेर नयाँ जनवाद (पूर्ण प्रजातन्त्र)को लक्ष्य लिएर संसदको भण्डाफोर गरे पनि पञ्चायतको विरोधमा संयुक्त राष्ट्रिय जनआन्दोलनको नाममा सङ्घर्ष गरेको र आन्दोलनकारीको एउटा हिस्सा भएकोले केही सफलता मिले पनि अहिले परिस्थिति बिल्कुलै भिन्न रह्यो । नयाँ जनवाद, दश वर्षको जनयुद्धको नेतृत्व गरेको मुख्य नेतृत्व प्रचण्डको गद्दारी, पश्चगामी संविधान र प्रतिक्रियावादी राज्य व्यवस्थाको पूर्ण विरोधमा उभिएको (क्रान्तिकारी माओवादी)लाई जनताले खासगरी कम्युनिस्ट समर्थक जनताले रणनीतिक मित्र माने पनि पश्चगामी संविधान लागू गर्न गरिएको यो निर्वाचनमा एकपटक हेरौं न त भन्ने आशयले जनताले अपेक्षित मत दिएनन् । संसदीय व्यवस्था नेपालमा नाङ्गिसकेको व्यवस्था हो । यसको विरोधमा दश वर्षको जनयुद्ध १९ दिने जनआन्दोलन सत्र हजारको बलिदान र जनताको उच्च चेतनाको माध्य फेरि त्यही संसदीय व्यवस्थालाई सुधार सहित नेपाली जनतामा लादिएको छ । यो परिवर्तनकारी र क्रान्तिकारी जनता र पार्टीको लागि गम्भीर चुनौती र महान् संभावना हो । एकातिर काङ्ग्रेसले यिनीहरू कम्युनिस्ट अधिनायकवादी हुन् भनेर आरोप लगाइरह्यो भने । गठबन्धनवालाले हामी कम्युनिस्ट होइनौं लोकतन्त्रवादी हौं । लोकतन्त्रमा कोही भन्दा कम छैनौं भनेर जवाफ दिइरहे । एमालेबारे त खासै भ्रम थिएन क्रान्तिकारी जनता र पार्टीहरूमा धेरै पहिले नै मनमोहनले अमेरिकाको 'न्युजवीक'लाई अन्तर्वार्ता दिएर नेपालमा हामी कम्युनिस्ट भन्छौ बाहिर सामाजिक प्रजातन्त्रवादी हौं भनेर भनिसकेका थिए । अमेरिकी राजदूत आउँदा पार्टी कार्यलयमा मार्क्स, एँगेल्स, लेनिन, स्टालिन र माओको फोटो लुकाइसकेका छन् । (माके)ले हामी क्रान्तिकारी हौं भन्थे एमालेसम्म पार्टी एकता गरि सकेपछि अब क्रान्तिकारी भ्रम दिन नसक्ने भयो । यो वेला वेलै र पटक पटक सुधारवाद, संसदवाद र नवसंशोधन वादसँग लड्नु जरुरी परेन । (माके)लाई प्रतिक्रियावादी भन्दा धेरैलाई पच्दैनथ्यो । अहिले त माकेकै नेता प्रचण्डले एमाले फोहोरको डंगुर हो यसलाई आगो लगाएर नडढाएसम्म नेपाली क्रान्ति अगाडि बढ्दैन भनेर लेखेको प्रचण्डका विचार भाग १ मा जस्ताको तस्तै छ । त्यसैले पनि कुनै प्रमाण जुटाइ रहनु पर्दैन एमाले, माके गठबन्धन र पार्टी एकता प्रतिक्रियावादी गठबन्धन र प्रतिक्रियावादी पार्टी हुन् भनेर । पश्चगामी संविधान, प्रतिक्रियावादी राज्य व्यवस्थामा जाने प्रतिक्रियावादीहरूले अब क्रान्तिकारी र परिवर्तनकारीहरूलाई कुनै भ्रम दिन सक्ने छैनन् । समयको कुरा मात्र हो । यस हिसावले नेपाली क्रान्तिको महान् संभावनाको क्षितिज पनि उघ्रिदै छ । अब एउटै मह्याङ्गाले दुवै चरा मर्ने छन् । मालेमाको आलोकमा भण्डाफोरलाई तीव्रता प्रदान गर्नु क्रान्तिकारीहरूको मुख्य काम हुनु पर्दछ ।

सुधारवाद कम्युनिस्ट आन्दोलनको डरलाग्दो समस्या हो । जनताको जीवनस्तरमा आमूल परिवर्तन नभएसम्म कुनै परिवर्तन हुँदैन । सुधारवाद विष मिसाएको लड्डु हो । नेपाली जनताको गरिवी बेरोजगारी विदेश पलायनताको कारण एउटा भयावह परिस्थिति खडा भएको



• चन्द्रहरि सुवेदी •

**साम्राज्यवाद-विस्तारवाद-दलाल नोकरशाही पूँजीवाद र साम्राज्यवादका जरा काटेर साम्राज्यवाद-सामान्तवाद मुक्त नेपाल, त्यो बाहेक नेपाली जनताले चुनाव मार्फत पाँच-पाँच वर्षमा शोषक वर्गका जुनसुकै प्रतिनिधिलाई छानेर शासन सत्तामा पुऱ्याए पनि आफैलाई शोषण वर्गका प्रतिनिधि वाहेक अरू केही पाउने छैनन् । नेपाली जनता प्रति सम्मान गर्दै लुसुनले भने भैं बुढो गोरु भै लुरु लुरु नेपाली जनताको हक हितको लागि नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले जोतिरहने छ ।**

छ । त्यसबाट छुटकारा पाउन नेपाली जनताले पटक पटक विभिन्न पार्टीहरूलाई परीक्षण गरे । कुनै पार्टीलाई बहुमत दिएर हुन्छ कि भनेर नेपाली काङ्ग्रेसलाई २०१५, ०४८ र ०५२ मा तीन पटक बहुमत दिए । एमालेलाई ०५१मा ठूलो पार्टी बनाए । हामीलाई एक पटक हेर न त भनेर (माओवादी) पार्टीले भन्दा ०६४मा पनि प्रत्यक्षतर्फ (माओवादी)लाई बहुमत दिएर पनि हेरे । प्रतिक्रियावादी राज्य मेशिनरी नफेरी आमुल परिवर्तन नगरी पुरानै प्रतिक्रियावादी राज्य मेशीनरी भित्र जो गए पनि त्यही मेशीनअनुसार आफै बदलिनु पर्ने हुन्थ्यो र भयो त्यही । (माके)को अहिलेको परिवर्तन त्यसैको परिणाम हो । ईट्टा बनाउने साँचोमा जुनसुकै रङ्गको माटो हाले पनि ईट्टा नै बन्छ । गमला बनाउन साँचो फेर्नु पर्छ । जनताको जीवनस्तर फेर्न पनि त्यस्तै प्रतिक्रियावादी राज्य मेशिनरी फेरेर नयाँ जनवादी राज्य मेशिनरी फिट गर्नु पर्दछ । जहाँसम्म स्थायीत्व र समृद्धिको कुरा छ, नेपालमा बहुमत नआएर स्थायीत्व नभएको होइन । ०१५ सालमा दुई तिहाई बहुमत काङ्ग्रेस एक्लैको आएको थियो दुई वर्ष नटिक्दै ध्वस्त भयो र पञ्चायतले खाइदियो । २०४८ सालको बहुमत र २०५६ सालको बहुमत साम्राज्यवाद र विस्तरवाद नेपाली काङ्ग्रेस भित्रै घुसेर फुटाएर ध्वस्त बनाइदियो । साम्राज्यवाद र विस्तारवादले सत्तालाई किनवेच, ६-६ महिनामा फेर्न सक्ने भएनन् भने उनीहरूले मरिचमान, मदन भण्डारी र वीरेन्द्रको वंशनाश जस्तो अप्रिय बाटो अपनाउँछन् । आफू भन्दा ठूलो आएपछि कसैको केही लाग्दैन । तपाई हाम्रो अगाडि एक्कासी बाघ आयो भने लौ खा भन्नु बाहेक केही उपाए रहन्न । माओले भनेभैं साम्राज्यवाद कार्यनीतिक रूपमा साँच्चैको बाघ हो । रणनीतिक रूपमा कागजी बाघ हो । नेपाली जनताको एकतामा अर्थात् किसान र मजदुरको एकतामा सर्वहारा वर्गको नेतृत्वमा साम्राज्यवाद, विस्तारवाद मुक्त नयाँ जनवादी नेपाल नबनेसम्म सुख, स्थायीत्व र समृद्ध नेपाल हुने भए हाम्रा बाबु बाजेले उहिल्यै गरिसक्थे । तपाई हाम्रो हातमा यो काम आइ नै पुग्दैनथ्यो ।

अर्को कुरा समृद्धिको कुरा छ, के कम्युनिस्टहरूले समृद्धिको मात्रै नारा लगाउने हो ? विश्वको एक सय पन्ध्र नम्बरको समृद्ध विनोद चौधरी हाम्रै नेपालमा छन् । मुख्य शहरका केही प्रतिशत मानिस अहिले पनि युरोपियन जीवन शैलीमा बाँचिरहेका छन् भने गरीब जिल्ला वाजुराका जनता ७१.५% मानिस गरिवीको रेखामुनि छन् । सबैभन्दा गरीब गा.पा.कैलालीको मोहन्याल गाउँ पालिकामा ८१.५% मानिस गरिवीको रेखामुनि छन् । ओली, प्रचण्ड र देउवालाई किन चाहियो समृद्ध ? उनीहरू यसै पनि समृद्ध छन् । के एउटा कम्युनिस्ट भन्नेले समृद्धिको मात्र नारा लाउन मिल्छ ? समानता चाँहिदैन ? समृद्धिको नारा मात्र लाउन कम्युनिस्ट पार्टी भनि रहनु पर्दैन । एउटै काङ्ग्रेस काफी छ । समृद्ध अमेरिकाको नारा लाउने पार्टी जहाँ धनीहरूले नखाएको मुला र गाजरको टाउको कण्टेनरबाट उठाएर खाने मानिस पनि छन् र बिल गेट्स जस्ता संसारका धनी मानिस पनि । तपाई हाम्रो घर अगाडि ६ लेनको बाटो आए पनि के भयो ? 'काम सक्यो पैसा सक्यो हाम्रो खल्ती रिते, सामन्तका मोटरले चढाउँदैनन् सिते' भनेभैं गरीबले त त्यहाँ पनि हिड्नु पर्ने त खालिखुट्टा नै त हो । नेपाली जनता महान् राष्ट्रवादी छन् । विस्तारवादका थीँक ट्याङ्क भारतीय एस.डी. मुनी र राकेश सुदले ठीकै समीक्षा गरेछन् नेपालमा साम्यवादले जितेको होइन राष्ट्रवादले जितेको हो' भनेर । अहिले नेपाली जनतालाई भित्रभित्र एउटा सपना बाँडिएको छ । भारतीय एकाधिकार तोडिदै छ, चीनसँग व्यापार र पारवहन गरिँदै छ भनेर । नेपालको वार्षिक व्यापार घाटा ७ खरब छ । त्यो व्यापार घाटा भारतबाट सरेर चीनतर्फ गए पनि नेपालीलाई के फरक पर्छ । नेपाललाई त दुवै देशहरूसँग सन्तुलन राखेर व्यापार घाटा समाप्त पार्ने राष्ट्रवादी नेता चाहिएको छ । दुवै साम्राज्यलाई ज्वाई बनाएर नेपालको समृद्धि प्राप्त गर्ने राजा जनक र अंशु वर्मा जस्ता राष्ट्रवादी पार्टी र राजनेता चाहिएको छ । त्यसको लागि साम्राज्यवाद-विस्तारवाद-दलाल नोकरशाही पूँजीवाद र साम्राज्यवादका जरा काटेर साम्राज्यवाद-सामान्तवाद मुक्त नेपाल, त्यो बाहेक नेपाली जनताले चुनावमार्फत् पाँच-पाँच वर्षमा शोषक वर्गका जुनसुकै प्रतिनिधिलाई छानेर शासन सत्तामा पुऱ्याए पनि आफैलाई शोषक वर्गका प्रतिनिधि वाहेक अरु केही पाउने छैनन् । नेपाली जनताप्रति सम्मान गर्दै लुसुनले भनेभैं वुढो गोरुभैं लुरुलुरु नेपाली जनताको हकहितको लागि नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले जोतिइ रहने छ । साम्राज्यवाद-विस्तारवाद र घरेलु प्रतिक्रियावादको विरुद्ध बहर गोरुभैं हवाक्का गरि रहने छ ।

# हामीले विचारको रक्षा र जनसम्बन्ध सुदृढ गर्न चुनाव उपयोग गरेका हौं



• धनेश्वर पोखरेल •

गत मङ्सिर १० र २१ गते सम्पन्न भएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन परिणाम भर्खरै सार्वजनिक भएको छ । समानुपातिक निर्वाचनको परिणाम पनि भर्खरै सार्वजनिक भएको छ । प्रत्यक्षतर्फ कथित वाम गठबन्धनले बहुमत प्राप्त गरेको घोषणा गरिएको छ भने समानुपातिकमा भाइकाङ्ग्रेसको रूपमा चर्चित एमाले पहिलो, दाइकाङ्ग्रेस दोस्रो र भाइ एमाले बनेको माके तेस्रो बनेका छन् । अन्य साना दलहरूको खासै उल्लेख्य परिणाम नआएता पनि कतिपयले थ्रेसहोल्डको सीमारेखा मुस्किलले पार गरेका छन् भने कैयौंले त्यो सीमारेखा पार गर्न नसकेर राष्ट्रिय पार्टीको सूचीबाट हट्न पुगेका छन् । संसदीय व्यवस्थालाई निर्विकल्प ठान्नेहरूका लागि यो ठूलै चुनौती हो । हुन त संसदीय व्यवस्था भनेबित्तिकै बहुदलीय हुन्छ भनेर बुझ्न गलत रहेछ । बहुदल हुँदा पूँजीपति वर्गलाई सत्तामा जान, लामो समय टिक्न अप्ठेरो स्थिति देखा परिसकेपछि र आफूले गर्ने रजाइँ र ब्रह्मलुटमा दखल पुग्ने देखेपछि उनीहरू आफ्नै मूल्य मान्यता विपरीत नियम कानुनहरू बनाउने र संविधानलाई समेत सयौँ पटक बदल्ने गर्दा रहेछन् ।

अहिले संसारमा संसदीय व्यवस्थाको चरित्रलाई हेर्दा बहुदलको स्थानमा दुई दल वा तीन दल मात्र देखिन थालेको छ । अमेरिका, बेलायत, भारतलगायतका देशहरूको चित्र त्यस्तै देखिन्छ भने थ्रेसहोल्डको नियम र अहिलेको संसदीय निर्वाचनको चरित्रलाई हेर्दा त्यस्तै देखिन्छ । थ्रेसहोल्डको नियम बनाएर नेपालका सिण्डिकेट पार्टी काङ्ग्रेस, एमाले र माकेहरूले साना दलहरूलाई समाप्त पारेर आलोपालो आफू सत्तामा गएर जनतामा फासीवाद लाद्ने जमर्को गरेका छन् । कथित शान्ति स्थापना गर्ने बहानामा जनताका हक अधिकारहरू खोस्दै जाने र जनताको प्रतिरोधी आवाजलाई सत्ताको बन्दुकले कुल्चने कुचेष्ट गरेका छन् । धेरै दलहरू भयो भने जनता कुनै न कुनै कोणबाट आन्दोलित हुन्छन्, हैरान परेसान गराउँछन्, सन्चसित बसिखान दिँदैनन् भनेर नै संसदीय व्यवस्थाको आवरणमा निरंकुशता लाद्न खोजिएको मात्र हो । संसारबाट नाङ्गिदै गएको र जबर्जस्त रूपमा विकल्प जन्माउँदै गएको संसदीय व्यवस्थाले आफ्नो लाज छोप्नका लागि यसलाई परिमार्जन गर्दै र बाहिरी आवरण बदल्दै जान थालेको प्रष्ट हुन्छ । नेपालको इतिहासमा करिब २८ वर्ष पुग्दा नपुग्दै संसदीय व्यवस्था र ठेकेदारहरू नाङ्गिदै गइराखेको अवस्थामा मालेमावादी सिद्धान्त, विचार र सर्वहारा, विश्व दृष्टिकोणबाट पलायन भएर भागेको प्रचण्ड नेतृत्वको माके समूह संसदीय व्यवस्थाको वैशाखी बन्न पुगेको छ भने अर्कोतर्फ दलाल, भ्रष्ट, अनैतिक, राष्ट्रघाती र जनघाती भनेर बदनाम भएका ने.कां.-एमालेहरूको निम्ति भन् ठूलो दलाल र राष्ट्रघातीको रूपमा प्रचण्ड मण्डली अगाडि देखा परेर उनीहरूको लागि ठूलो राहत मिलेको छ ।

प्रसंग चुनावतिरै लागौं । यतिबेला कथित वाम नामको एमाके गठबन्धन चुनाव जितेर निक्कै हौसिएका छन् । यतिबेला न त उनीहरूले आफूहबाहेक अरूलाई न त वाम नै देखेका छन्, न त कम्युनिस्ट नै । शक्तिराष्ट्रहरूसँग चुनावको नाममा मागेर ल्याएको भिख राशी र राष्ट्रको ढुकुटी रित्याएर गरिबी र बेरोजगारीले आक्रान्त भएका जनतालाई दुई कौडीको मूल्यमा खरिद-बिक्री गरी साम-दाम-दण्ड-भेद प्रयोग गरी ल्याएको मतलाई संसार जितेको ठानेका छन् । उनीहरूले अरू थोरै मत ल्याउने दलहरूलाई शक्तिको रूपमा स्वीकारेका छैनन् । उनीहरूले कथित वाम हुइमको डंक पिटेर वाम एकताको आँधीबेहरी सृष्टि गर्न खोजे । त्यसले एकातिर कम्युनिस्ट चेतना भएका जनतामा ठूलो भ्रम गऱ्यो भने अर्कातिर नेपालका कथित वाम बुद्धिजीवी भनेहरूको दिमागमा भूस भरिदिन सफल भयो । भेँडाको छाला ओढेका ब्वाँसाहरूलाई न त ती बुद्धिजीवी भनेहरूले ठम्याउन सके न त जनताले राम्ररी पहिचान गर्न सके । आखिर यो वा त्यो नाउमा तिनै ब्वाँसाहरूको शिकार भए । कहिले सुल्टो गरेर त कहिले उल्टो जसरी भए पनि जनताको म्याण्डेट लिएर तिनै राष्ट्रघाती, जनघाती, दलाल र तिनका कुरूप अनुहार नै जनतामाथि जंगली राज थोपर्न सत्ता आरोहण गर्न पुगे । यी राष्ट्रघाती दलालहरूले गर्ने राष्ट्रघाती सन्धि सम्भौता र जनविरोधी क्रियाकलाप गर्नमा हाम्रो अमूल्य मतको पनि नकारात्मक भूमिका रहन्छ र हामी स्वयम् पनि राष्ट्रघात र जनघातका हिस्सेदार हुन्छौं भन्ने कुरा न त पढेलेखेका कथित वाम बुद्धिजीवी भनेहरूले बुझे न त जनताले त्यहाँसम्म सोच्न सक्यो । कथित वाम खोल ओढेका दक्षिणपन्थी संशोधनवादीहरू दुनियाँलाई टाँगा बनाएर दश/वीस वर्षसम्म कम्युनिस्ट शासन चलाउने जुन रित्तो फगत रित्तो सपना बाँडेका छन् त्यो उनीहरूको बहवास शिवाय केही होइन । साँचो अर्थमा एमाले-माके समूह न त यिनीहरू कम्युनिस्ट हुन न त वाम नै हुन् । यद्यपि ती समूहभित्र दब्बिएर बसेका केही इमान्दार क्रान्तिकारी शक्ति रहेता पनि नेतृत्व पङ्क्तिसहितको ठूलो हिस्सा दक्षिणपन्थी संशोधनवादी मात्र नभएर साम्राज्यवाद र विस्तारवाद विशेषतः विस्तारवादका दलाल र भाट नै हुन् । जसले महाकाली, टनकपुर, उपल्लो कर्णाली, अरूण तेस्रोलगायतका राष्ट्रिय सम्पदाहरू मालिकलाई बुझाइसकेका छन् ।

अब रह्यो क्रान्तिकारी माओवादीको प्रश्न, क्रान्तिकारी माओवादी सिङ्गो संसदीय व्यवस्थाको विरुद्धमा उभिएको वैकल्पिक शक्ति हो । यसले न त यो प्रतिगामी संविधानलाई स्वीकार्छ न त व्यवस्थालाई नै । संविधान निर्माणको प्रक्रियादेखि नै त्यसको विरुद्धमा र जनसंविधान निर्माणको पक्षमा आवाज बुलन्द गर्दै आएको मुलुकको एक मात्र क्रान्तिकारी शक्ति भनेको क्रान्तिकारी माओवादी पार्टी हो । यसको उद्देश्य र लक्ष्य भनेको वर्तमान प्रतिक्रियावादी राज्यसत्ता र संसदीय व्यवस्थालाई आमूल रूपमा परिवर्तन गरी सर्वहारावर्गको नेतृत्वमा नयाँ जनवादी राज्यसत्ता स्थापना गर्नु हो । त्यसैले क्रान्तिकारी माओवादी पार्टी वर्तमान संविधान र संसदीय व्यवस्थालाई पूर्णरूपमा अस्वीकार गर्छ । यो पार्टीको घोषित नीति हो । यो सम्भव छ र निकट भविष्यमा सशस्त्र बल प्रयोगको माध्यमबाट नेपाली जनताले नेपाली क्रान्तिको सिलसिलामा बाँकी रहेको यो कार्यभार पूरा गरेर छाड्ने छन् । सर्वहारावर्गको नेतृत्वमा कसैले चाहेर वा नचाहँदा नचाहँदै पनि जनताको यो मागलाई इतिहासले पूरा गरी छाड्ने छ । त्यसबेला मुलुकका सबै पुराना अन्तरविरोध हल हुनेछन् र मुलुकले स्थायी शान्ति, समृद्धि र राजनीतिक निकास पाउने छ । यो क्रान्तिकारी माओवादी पार्टीको प्रतिबद्धता पनि हो ।

यहाँ एउटा प्रश्न उठ्न सक्छ र उठेको पनि छ, त्यसो भए क्रान्तिकारी माओवादी पार्टीले यो प्रतिक्रियावादी व्यवस्था अन्तर्गत भएको निर्वाचनमा किन सहभागी भयो ? स्थानीय निर्वाचन, सङ्घीय र प्रादेशिक निर्वाचनलाई किन उपयोग गऱ्यो ? यहाँनेर लेनिनले भन्नुभएको एउटा भनाइ मनन गर्नुपर्ने हुन्छ । लेनिनले भन्नुभएको छ- 'जसबेला पार्टी क्रान्तिकारी उभारमा हुन्छ त्यतिबेला क्रान्तिकारीहरूले प्रतिक्रियावादी निर्वाचन बहिष्कार गरेर आन्दोलन चर्काउनु पर्छ, जबसबेला पार्टी उतारमा अर्थात कमजोर अवस्थामा हुन्छ, त्यसबेला उक्त चुनावको क्रान्तिकारी उपयोग गरेर विचारको रक्षा र जनसम्बन्ध सुदृढ गर्नु उपयुक्त हुन्छ ।' क.लेनिनको उपरोक्त भनाई अहिलेको सापेक्षतामा मिल्न गएको छ । नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलन कमजोर मात्र नभई क्रान्तिकारी पार्टीको एउटा ठूलो हिस्सामा आएको वैचारिक विचलन र टुटफुट र विभाजनका कारण रक्षामा धकेलिएको स्थितिमा हामीले आफ्नो मतको रक्षा, सङ्गठन सुदृढ गर्न क्रान्तिकारी उपयोग गरेका हौं । यो उद्देश्यमा क्रान्तिकारी माओवादी सफल भएको छ । अर्को भन्नैपर्ने कुरा के छ भने वास्तवमा यो चुनावमा पार्टी आफै सहभागी भएको छैन । पार्टीको संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल पार्टीको योजनामा चुनावी मैदानमा उत्रियो । जहाँसम्म परिणामको कुरा छ प्रतिक्रियावादी र दक्षिणपन्थी संशोधनवादी हावाहुरी बेजोडले चलेको बेला त्यसका विरुद्ध सयौं हैन हजारौं घेराबन्दीलाई तोड्दै सतिसालभैं ठिङ्ग उभिएर क्रान्तिकारी शक्तिको पक्षमा क्रान्तिकारी जनता, समर्थक, शुभचिन्तकहरूले कैयौं प्रतिकूलताका बीचबाट जे-जति मत दिनुभयो त्यो महान् छ । हामी त्यसको सम्मान गर्दै र त्यही धरातलमा टेकेर पार्टी र क्रान्तिकारी आन्दोलनलाई सुदृढ गर्छौं । प्रतिक्रियावादी र कथित वाम नामका दक्षिणपन्थी संशोधनवादी तत्वहरूले लिएका एक हजार मत बराबर देजमोले प्राप्त गरेको एक मत हो । यो उँचाइबाट नाप्दा हाम्राविरुद्ध जसले जतिसुकै बकवास गरेता पनि उनीहरूले सोचेजस्तो र गराउन चाहेजस्तो कमजोर र निरीह क्रान्तिकारी शक्ति छैन भन्ने कुरा परिणामले देखाउँछ । तर पनि क्रान्तिकारीहरू त्यत्तिमा सन्तुष्ट हुँदैनन् र छैनन् पनि । साथै निराश र हतोत्साही पनि छैनन् । यहींनेर लेनिनको अर्को भनाइ सान्दर्भिक र विशेष मननयोग्य रहेकोले यहाँ उद्धृत गरिएको छ- 'वास्तविक जीवन तथा वास्तविक क्रान्तिका इतिहासबाट के कुरा थाहा हुन्छ भने प्रायः 'श्रमिक जनताको बहुमतको सहानुभूति' कुनै पनि चुनावद्वारा प्रत्यक्ष हुन सक्तैन । … जबसम्म श्रमिक जनताको विशाल बहुमतले आफ्नो अग्रदस्ता सर्वहारालाई आफ्नो सहानुभूति र समर्थन दिँदैन, सर्वहारा क्रान्ति असम्भव छ । परन्तु ती सहानुभूति र समर्थन एकाएक अभिव्यक्त हुँदैनन् न ती चुनावद्वारा निश्चित हुन्छन् । ती दीर्घ र कठोर तथा दुस्कर वर्गसङ्घर्षका क्रममा प्राप्त हुन्छन् ।' लेनिन

लेनिनको उपरोक्त भनाइको सार के हो भने श्रमिक तथा उत्पीडित वर्गले त्यतिबेला मात्र सर्वहारावर्गको अग्रदस्ता क्रान्तिकारी पार्टीलाई सहयोग र समर्थन गर्छन् जतिबेला क्रान्तिकारी पार्टीको नेतृत्वमा घनिभूत वर्गसङ्घर्ष चल्न थाल्छ । वास्तवमा त्यो समर्थन नै यथार्थ, वास्तविक र निर्णायक समर्थन हो । डर, धम्की, लोभ, प्रलोभन, आतङ्क, त्रास देखाएर जबर्जस्त लिएको कौडीको मूल्यको मतलाई जनमत जनसमर्थन भन्न मिल्दैन । स्वतन्त्र, निर्भिक, आस्था, विश्वासले पाउने मत वास्तविक मत हो । पैसामा खरिदिएको मत भोली जता पनि जान सक्छ । अहिलेको निर्वाचनको मत परिणामबाट कोही मात्तिनु पनि जरुरी छैन । कोही आत्तिनु पनि जरुरत छैन । भोली यो एकओर्मा बदलिन सक्छ । त्यसमा अभ लामो लक्ष्य र उद्देश्य बोकेर हजारौं चुनौतीको सामना गरेर मृत्युसँग लड्दै जीवन साकार बनाउन क्रान्तिकारी आदर्श बोकेर युद्धमैदानमा उत्रिएको क्रान्तिकारी योद्धा निराश र हतोत्साही बन्ने कुरै भएन । जसले संसदीय चुनावलाई नै जीवनमरणको सवाल बनाएर सत्तामा पुगेर ब्रह्मलुट गर्ने सपना देखे उनीहरूको यो चुनाव सर्वस्व पनि हो । तर क्रान्तिकारीहरू जुन मिसन लिएर अगाडि बढेका थिए, आंशिक रूपमा भए पनि त्यो मिसन पूरा भएको छ । त्यो सत्य हो, यसमा हामीले गर्व गर्न सक्नुपर्छ । जनताले कम्युनिस्टको पक्षमा भ्रमवश खसालेको मतको मूल्याङ्कन गरेर कथित वाम नामको बेलुन यतिबेला जतिसुकै फुलिए पनि निकट भविष्यमा हुन गइरहेको क्रान्तिकारी कम्युनिस्टहरूको वास्तविक एकताको सुनामीले ती गठबन्धनका बेलुनहरू पानीको फोका जस्तै फुट्दै जानेछन् र उनीहरूको नौटङ्कीको पर्दाफास हुँदै जानेछ ।

# चिनीया कम्युनिष्ट पार्टीबारे आधारभूत बुझाइ


## आलोचना र आत्मालोचना अभ्यास गर्ने कार्यशैली

आलोचना र आत्मालोचना पार्टी निर्माणलाई वैचारिक ढङ्गले बलियो बनाउने, एकतालाई सुदृढ गर्ने र लड्ने क्षमताको बृद्धि गर्ने तीखा हतियार हुन । वस्तुतः पार्टी भित्र अन्तरविरोधहरू रहन्छन् । ती समाजमा रहेका वर्गीय अन्तरविरोधहरू र नयाँ तथा पुरानाको बीचमा रहेका अन्तरविरोधहरूको पार्टीमा पर्ने प्रतिबिम्ब हुन् । आलोचना र आत्मालोचना अन्तर-पार्टी सङ्घर्ष चलाउने र अन्तर-पार्टी अन्तरविरोधहरूको समाधान गर्ने आधारभूत विधी हुन् । समाजवादको पूरा ऐतिहासिक अवधीभरि समाजमा वर्गहरू, वर्गीय अन्तरविरोधहरू र वर्गसङ्घर्ष रहि रहन्छन् र बुर्जुवा तथा अरू शोषक वर्गका पुराना विचार, संस्कृति र बानी व्यहोराहरूले हाम्रो पार्टीका सदस्यहरूमा प्रभाव पार्दछन् र हरेक दिन र हरेक मिनेटमा तिनका शरीर कोपरी रहन्छन् । बुर्जुवाका राजनीतिक फोहर र किटाणुहरूले हाम्रो पार्टीको शरीरमा फैलाएका संक्रमणसँग लड्न र बुर्जुवा तथा अन्य शोषक वर्गका विचारबाट पार्टी सदस्यहरूमा हुने विकृत्ति रोक्न हामीले सक्रिय वैचारिक सङ्घर्ष संचालन गर्नु पर्दछ र सर्वहारावादी विचारले सबै गैर सर्वहारावादी विचारलाई पराजित गर्नु पर्दछ । अन्तर-पार्टी सङ्घर्ष सही विधीद्वारा नियन्त्रित हुनु पर्दछ । जनताका बीचमा वैचारिक समस्या रहेको स्थितिमा हामीले अपमान गर्नु हुँदैन न त मुड्की बजार्ने र हतियार प्रयोग गर्न नै हुन्छ । यस्ता विवादहरू मिलाउन हामीले, छलफल, प्रोत्साहन, आलोचना र आत्मालोचनाको विधी मात्र अपनाउनु पर्दछ । आलोचना र आत्मालोचना सकारात्मक कुराहरू विकास गर्न, कमीकमजोरीलाई हटाउन, गल्तीहरू सच्याउन र यसरी सही कार्यदिशाका आधारमा पार्टीको एकता र सुदृढिकरणलाई मजबुत पार्न प्रयोग गरिएका छन् भन्ने कुरामा निश्चित हुनु पर्दछ ।

वैचारिक हिसाबले आलोचना र आत्मालोचना "बासीलाई छाड्न र नयाँलाई लिन" र तिनीहरूको विश्व दृष्टिकोणलाई नविकरण गर्न प्रयोग गरिने कम्युनिष्टहरूका हतियार हुन् (१६२) । हाम्रो पार्टीका सदस्यहरूको विभिन्न वर्गस्रोत रहेको, जनताका विभिन्न तहबाट आएका र तिनीहरू वर्गीय समाजमा रहेका हुनाले बुर्जुवा विचार र पुरानो बानी-व्यहोराले पार्टी सदस्यलाई निरन्तर प्रभाव पारी रहन्छ र आम पार्टीलाई कोपरी रहन्छ । धेरै कमरेडहरूको दिमागमा केही न केही मात्रामा गैरसर्वहारा विचारहरू रहिरहन्छन् । आलोचना र आत्मालोचनाको हतियारलाई पक्डेर र "बासीलाई छाड्न र नयाँलाई लिन" कडा मेहनत गरेर मात्र हामीले विभिन्न गैरसर्वहारा विचारलाई सायद पराजित गर्न सक्छौं र बुर्जुवा तथा अन्य सबै शोषक वर्गका विचारबाट पैदा हुने विकृत्तिलाई रोक्न सक्छौं । त्यस बाहेक, वस्तुगत जगत माथिको हाम्रो ज्ञान अनिवार्यत सिमित हुने हुनाले काम गर्ने क्रममा कमीकमजोरी र गल्तीहरू नगर्न गाह्रो छ । काम गर्ने क्रममा हुन जाने गल्ती कमजोरीलाई उदाङ्गो पार्नका लागि आलोचना र आत्मालोचनाको निरन्तर गरिने अभ्यासले हामीलाई आदर्शवादलाई नामेट पार्न र अगाडि बढिरहनका निम्ति हाम्रा अनुभवहरूको समीक्षा गर्न सक्ने बनाउने छ । यसले हामीलाई राम्रो काम गर्न र पार्टी तथा जनतालाई थप योगदान पुऱ्याउन सक्ने बनाउने छ ।

अध्यक्ष माओले सधैं आलोचना र आत्मालोचनालाई निकै महत्व दिने गर्नु भएको छ । पार्टीमा गलत विचार हरूलाई सच्याउने बारे भन्ने लेखमा वहाँले औंल्याउनु भएको छ, "अन्तर-पार्टी आलोचना पार्टी सङ्गठनलाई बलियो बनाउने र यसको लड्ने क्षमतालाई वृद्धि गर्ने हतियार हो ।" (१६३) येनानमा १९४२ मा चलाइएको सुद्धिकरण आन्दोलन एउटा मार्क्सवादी शिक्षाको चौतर्फी आन्दोलन थियो, साथै ठूलो आलोचना र आत्मालोचनाको आन्दोलन थियो । पुरा देशको मुक्तिपछि, हाम्रो पार्टीले पुनः थुप्रै सुद्धिकरण आन्दोलनहरूको नेतृत्व गऱ्यो । महान् सर्वहारा सांस्कृतिक क्रान्तिको बेला लाखौंलाख जनताले सत्तामा रहेर पूँजीवादी बाटो समातेका पार्टीका मुठ्ठीभर व्यक्तिहरूको मुकुण्डो उतार्न आफ्ना विचारहरू राख्ने, ठूला अक्षरका पोस्टरहरू टांस्ने, महत्वपूर्ण बहसहरू चलाउने र क्रान्तिकारी अनुभवहरूको आदान-प्रदान गर्ने जस्ता हतियारहरू प्रयोग गरे । (१६४) त्यसरी, तिनीहरूले लिउ शाओची र लिन पियाओद्वारा नेतृत्व गरिएका दुई पूँजीवादी मूख्यालयहरूलाई ध्वस्त पारे र कामका क्रममा हुनगएका आफ्ना गल्ती र कमीजोरीहरूको भण्डाफोर तथा आलोचना गरे, यसरी पार्टीको एकता बलियो भयो । लिन पियाओलाई आलोचना गर्ने र कार्यशैली सुधार्ने आन्दोलन र लिन पियाओको पार्टी विरोधी गुटका प्रतिक्रान्तिकारी अपराधहरू र संशोधनवादी भ्रमहरूको गहिरो आलोचना मार्फत् सम्पूर्ण पार्टी सदस्यहरूले दुई-लाईन सङ्घर्षमा धरै अनुभव आर्जन गरे, आलोचना तथा आत्मालोचनाको अभ्यास सम्बन्धी चेतना माथि उठाए र यो प्रक्रियाबाट पार्टीको आलोचना र आत्मालोचना गर्ने गौरवशाली परंपरा बलियो हुन गएको छ ।

आलोचना र आत्मालोचनालाई ठीक ढङ्गले संचालन गर्न हामीले सबैभन्दा पहिला "एकता-आलोचना-एकता"को सिद्धान्तलाई निष्ठापूर्वक लागु गर्नु पर्दछ । यसको अर्थ हामीले एकताको चाहनाबाट सुरु गर्नु पर्दछ, आलोचना र सङ्घर्षको माध्यमबाट सही तथा गलतका बीचमा स्पष्ट




**वैचारिक हिसाबले आलोचना र आत्मालोचना "बासीलाई छाड्न र नयाँलाई लिन" र तिनीहरूको विश्व दृष्टिकोणलाई नविकरण गर्न प्रयोग गरिने कम्युनिष्टहरूका हतियार हुन् (१६२) । हाम्रो पार्टीका सदस्यहरूको विभिन्न वर्गस्रोत रहेको, जनताका विभिन्न तहबाट आएका र तिनीहरू वर्गीय समाजमा रहेका हुनाले बुर्जुवा विचार र पुरानो बानी-व्यहोराले पार्टी सदस्यलाई निरन्तर प्रभाव पारी रहन्छ र आम पार्टीलाई कोपरी रहन्छ । धेरै कमरेडहरूको दिमागमा केही न केही मात्रामा गैरसर्वहारा विचारहरू रहिरहन्छन् । आलोचना र आत्मालोचनाको हतियारलाई पक्डेर र "बासीलाई छाड्न र नयाँलाई लिन" कडा मेहनत गरेर मात्र हामीले विभिन्न गैरसर्वहारा विचारलाई सायद पराजित गर्न सक्छौं र बुर्जुवा तथा अन्य सबै शोषक वर्गका विचारबाट पैदा हुने विकृत्तिलाई रोक्न सक्छौं । त्यस बाहेक, वस्तुगत जगत माथिको हाम्रो ज्ञान अनिवार्यत सिमित हुने हुनाले काम गर्ने क्रममा कमीकमजोरी र गल्तीहरू नगर्न गाह्रो छ ।**

अन्तर गर्नु पर्दछ र यो नयाँ आधारमा नयाँ एकतामा पुग्नु पर्दछ भन्ने हो । आलोचना र आत्मालोचना संचालन गर्दा हामीले दुई गलत दृष्टिकोणका विरुद्ध लड्नु पर्दछ । पहिलो हो गल्ती कमजोरीको आलोचना नगरी वा त्यससँग सङ्घर्ष नगरी एकताको मात्र कुरा गर्ने । यो प्रवृत्तिका कमरेडहरू अन्तविरोधबाट जोगिन खोज्छन् । सङ्घर्ष हुँदाहुँदै पनि तिनीहरूले आफ्नो मूख बन्द गर्दछन्, गलत विचार सुन्दा पनि खण्डन गर्दैनन् र पार्टीलाई नोकसान पुऱ्याउने कामको विरोध गर्दैनन् । "परिस्थिति जस्तोसुकै भए पनि थप जटिलताबाट जोगिनका निम्ति तिनीहरूले कुनै अडान लिन्नन् ।" "चलाख बुढो मान्छे"ले जस्तै यस्तो व्यवहार गर्ने कुरा नितान्त गलत हो । दोस्रो प्रवृत्ति होः गल्ती गर्ने कमरेडहरूसँग एकता गर्नै नचाहने आलोचना र सङ्घर्षको मात्र कुरा गर्ने । यो प्रवृत्ति भएका कमरेडहरूले हतारमा निर्णय लिन्छन् र मनपरी आरोप लगाउँछन् । यो विधीले समस्याको समाधान नगर्न मात्र होइन, बरू यसले व्यक्तिगत रूपमा ती कमरेडहरूलाई र पार्टी एकतालाई समेत नोक्सान पुऱ्याउँछ । अध्यक्ष माओले हामीलाई सिकाउनु भएको छ "भनाईहरू तथ्यमा आधारित हुनु पर्दछ र आलोचना राजनीतिमा केन्द्रित हुनु पर्दछ ।" (१६५) आलोचना र आत्मालोचना गर्दा हामीले तथ्यबाट सत्य खोज्नु पर्दछ जनतालाई कारण सहितका तर्कहरूबाट विाश्वास दिलाउनु पर्दछ, हामीले यो नियमित रूपमा र छिटो गर्नु पर्दछ, समस्या थुप्रिने गरी, अत्यन्त गम्भीर हुने गरी र सबैलाई एकैचोटी समाधान गरौंला भनी पर्खिनु हुँदैन । यो विधीअनुसार जाने हो भने धेरै क्षति हुन सक्छ, जब कि छिटै हस्तक्षेप गऱ्यो भने क्षतिलाई कम गर्न सकिन्छ । आलोचना र आत्मालोचनाको हतियारलाई प्रयोग गरेर हामीले सङ्गठनको समग्र जीवनलाई गहिरो गरी सुद्धिकरण गर्नु पर्दछ, ता कि पार्टीको सङ्गठनात्मक जीवन गतिशील होस् । सबै तहका पार्टी सङ्गठनका नेतृत्वदायी कमरेडहरू साधारण सदस्यहरूले जस्तै सङ्गठनको जीवनमा सहभागी हुनु पर्दछ, तिनीहरूले अरू सदस्यहरूको विचार र आलोचनालाई नम्र भएर सुन्नु पर्दछ, नियमित रूपमा आत्मालोचना गर्नु पर्दछ र संभव भएसम्म राम्रो काम गर्न प्रयत्न गर्नु पर्दछ ।

आलोचना र आत्मालोचनालाई सही तरिकाले चलाउन आलोचना गर्नेहरूले "जानेको जति नअड्कलिकन भन" भन्ने सिद्धान्त लागु गर्नु पर्दछ, सुझावहरू छन भने सुझावहरू दिनु पर्दछ, गल्ति कमजोरी देखियो भने आलोचना गर्नु पर्दछ । साथै, तिनीहरूले आफ्नो प्रवृत्ति, विधी तथा परिणामलाई सतर्कतापूर्वक ध्यान दिनु पर्दछ । आलोचना गरिनेहरूले पार्टीको उद्देश्यलाई दिमागमा राख्नु पर्दछ र "बोल्नेलाई दोष नदेउ तर उसका शव्दहरूबाट सचेत होउ" र "गल्ति गरेको भए सच्याउ र छैनौ भने त्यसका विरुद्ध आफुलाई रक्षा गर" र अरूले गरेका आलोचनालाई नम्रता पूर्वक ध्यान दिएर सुन भन्ने सिद्धान्त अनुसार चल्नु पर्दछ । हामीले सत्यलाई स्वीकार्न हिम्मत गर्नु पर्दछ र गल्ती सच्याउनु पर्दछ । आलोचना जस्लेसुकै गरेको भए पनि त्यो सही छ भने त्यसलाई स्वीकार्नु पर्छ । अरूले गरेको आलोचना वास्तविकतासँग मेल खाँदैन भने अथवा विश्लेषण वा आलोचना सचेत तरिकाले गरिएको छैन भने पनि हामीले त्यसलाई धैर्यतापूर्वक सुन्नु पर्दछ । राम्रो जतिलाई ग्रहण गर्नु पर्दछ, आलोचकलाई दोष लगाउँनु हुँदैन र यसलाई आलोचना अस्वीकार गर्ने बहाना बनाउनु त झन् हुँदै हुँदैन । कसैले चिप्लो घसेर बोल्दा खुसी हुनु हुँदैन, कसैले आलोचना गर्दा रिसाउनु हुन्न न त "बाघलाई पछाडि कसैले छुन हुन्न" भनेझैं गरी व्यवहार गर्न हुन्छ । गल्ति गरेपछि कसैले आलोचना गर्दा कोही कमरेडहरूले त्यसबाट सकारात्मक हिसाबले शिक्षा लिन कोसिश गर्दैनन् बरू अब "शीर ठाडो गर्न" नसकिने भो भन्ने सोच्छन्, निष्कृय हुन्छन् र काममा अरूची राख्छन् यसले अघिल्ला गल्तीहरूमा अरू गल्ती थप्ने मात्र काम गर्दछ । आलोचित हुने कमरेडहरू जसले आलोचनाप्रति दावा धर्छन् र आलोचना गर्नेहरू माथि बदला लिन खोज्छन् त्यो पार्टी अनुशासनले नदिएको कुरा गर्नु हुनजान्छ । हामीले यसको दृढतापूर्वक विरोध गर्नु पर्दछ । पार्टी कार्यकर्ताहरू आफैप्रति कठोर हुनु पर्दछ, जनता र पार्टी सदस्यका निम्ति नमुना बन्न सक्नु पर्दछ । कसैलाई आलोचना गर्दा तिनीहरूले सिद्धान्तलाई पक्डिनु पर्दछ, तर विधीमा पनि ध्यान दिनु पर्दछः अनुसन्धान गर्नुपर्छ, तथ्यबाट सत्यको खोजी गर्नुपर्छ, कहिल्यै हल्काढङ्गले अथवा हल्लाको भरमा वा विनाकारण कसैलाई आरोप लगाउनु हुँदैन । पार्टी सदस्य तथा जनताले गरेको आलोचनाका क्रममा कार्यकर्ताहरू विशाल सर्वहारावादी मनको हुनु पर्दछ, तिनलाई विनम्रतापूर्वक सुन्नु पर्दछ, अरूका सुझावबाट निस्कर्ष निकाल्नु पर्दछ, त्यसबाट आफ्नो राजनीतिक शिक्षाका निमित्त विषय निकाल्नु पर्दछ, गल्ती कमजोरीलाई सच्याउनु पर्दछ र आफ्नो काम राम्रोसँग गर्नु पर्दछ ।

आलोचना र आत्मालोचना गर्न हामीले आफैलाई राम्ररी "चिरफार" गर्नु पर्दछ । अध्यक्ष माओले हामीलाई सिकाउनु भएको छ "संसारलाई बदल्नका निम्ति सर्वहारा वर्ग र क्रान्तिकारी जनताको सङ्घर्षले निम्न कार्यभार पुरा गर्नु पर्दछः वस्तुगत जगतलाई बदल्न, तिनीहरूको आफ्नै आत्मगत जगतलाई पनि बदल्नु पर्दछ, ज्ञान क्षमता बदल्न वस्तुगत र आत्मगत जगतको सम्बन्धलाई बदल्नु पर्दछ ।" (१६६) हाम्रो आफ्नै आत्मगत जगतलाई बदल्न हामीले आफैलाई राम्ररी "चिरफार" गर्नु पर्दछ । सबै बस्तुहरूमा, एकको दुईमा विभाजन हुन्छ । (१६७) यो हामी आफैमा पनि सत्य हो, हामीले हाम्रो आफ्नो क्षमता तथा उपलव्धीलाई ख्याल गर्नु आवश्यक हुन्छ, हामीले हाम्रा सिमा तथा कमजोरीलाई पनि दिमागमा राख्नु पर्दछ । हामीले हाम्रा कमीकमजोरी र गल्तीहरूलाई नियमित रूपमा परीक्षण गरेर मात्र हामी कम्युनिष्ट पार्टीका सदस्यहरूले विवेकपूर्ण र नम्र कार्यशैली जोगाउन सक्छौं र हामीले आफ्नो वास्तविक मूल्य थाह पाउन सक्ने गरी आफैलाई राम्रोसँग बुझ्न सक्छौं । हामीले आफैलाई चिनेनौं भने आफैमा एकको दुईमा विभाजन हुन्छ भन्ने सिद्धान्त लागु गर्न सक्दैनौ । यदि हामीले आफ्ना उपलव्धी मात्र देख्यौं र कमजोरी देखेनौ भने हामी क्रमशः अन्धतातिर जाने छौं । यदि हामीले हाम्रा आफ्नै कमी कमजोरी र गल्तीलाई राम्ररी विश्लेषण गरेनौ र निर्मूल पारेनौं भने हामीले आफैलाई र क्रान्तिलाई नोक्सान पुऱ्याउने छौं । नियमित र सचेत ढङ्गले आलोचनाको अभ्यास गरेर मात्र हामी आफ्नो प्रसंशा हुँदा पनि अहङ्कारी हुनबाट बच्ने छौं, जित हातपार्दा पनि कमजोरीहरूलाई सम्झने छौं, सफल हुँदा घमण्डी हुने छैनौं न त असफल हुँदा निराश नै हुने छौं, क्रान्तिकारी सङ्घर्षको निम्ति सधैं स्पष्ट विचार, क्रान्तिकारी स्पिरिट र प्रचूर इच्छाशक्तिले भरिपूर्ण रहने छौं र निरन्तर क्रान्तिको बाटोमा कहिल्यै नरोकिइकन र नामअनुसार आफैलाई सर्वहारा वर्गको अग्रज बनाउनका निम्ति आफैलाई प्रशिक्षित गर्न सक्षम हुने छौं । (सांघाई १९७४)

*फ्रान्सेली संस्करणबाट अनुदित*
*नर्मन बेथ्युन ईन्स्टिच्युट टोरोण्टो, १९७६*
*अनुवाद : इन्द्रमोहन सिग्देल, पिविएम, नेकपा (क्रान्तिकारी माओवादी)*

# नयाँ यात्रामा हामी




● ईश्वरचन्द्र ज्ञवाली ●

*'यसबेला केही निस्तेज शिरहरू झुकेर*
*सभक्ति अभिषेक चढाइरहेछन्*
*म तिम्रो ठाडो शिरलाई झन् ठाडो देख्न चाहिरहेछु*
*यसबेला केही दुर्बल मुट्ठीहरू फुकेर*
*विनीत भावले जुम्लेहात जोडिरहेछन्*
*म तिम्रो वज्र मटठीलाई झन सबल देख्न चाहिरहेछ*
*यसबेला केही थकित पाइलाहरू गलेर*
*माझ बिसौनीमै बास मागिरहेछन्*
*म तिम्रा जब्बर पाइलाहरूलाई झन् अग्रसर देख्न चाहिरहेछु*
*यसबेला केही कर्णकटु स्वरहरू काँपेर*
*प्रशस्ति वाचन गरिरहेछन्*
*म तिम्रो प्रखर वाणीमा युगको हुङ्कार सुन्न चाहिरहेछु ।'*
*(इच्छुक रचनावली भाग २) ।*

कृष्ण सेन इच्छुकको यो कविता आज पनि त्यत्तिकै जीवन्त सार्थक र सान्दर्भिक छ । क्रान्तिको यात्रामा केही मान्छेहरू प्रतिक्रियावादी राज्यसत्तामा आत्मसमर्पण गर्न पुगे । दश वर्षको उथलपुथलकारी जनयुद्ध प्रतिक्रान्तिमा विसर्जन हुन पुग्यो । त्यसको त्याग, वीरता र शौर्यको उपलब्धि प्रतिक्रियावादीलाई नै हितकर साबित हुन पुग्यो । सहिदको रगत र वलिदानको मूल्यलाई सत्तासंग साटेर त्यसका नायकहरू खलनायकमा परिणत भए । सहिदको वलिदान व्यक्तिस्वार्थ र हितको निम्ति उपयोग भयो । सर्वहारावर्ग फेरि ठगियो । गरिब मजदुर किसानका सपनाले धोका खाए । मुलुकले अर्कोतर्फ कोल्टे फेर्‍यो । हिंजोका क्रान्तिकारीहरू नवप्रतिक्रियावादी बनेर संसदीय व्यवस्थालाई नै आफ्नो प्राप्ति ठान्दै त्यसैमा समालीन हुन पुगे । उनीहरूको दृष्टिमा क्रान्ति सम्पन्न भयो, फेरि क्रान्ति जरुरी छैन । 'जे पाउनु थियो प्राप्त भयो । अब आर्थिक समृद्धितर्फ विकासको गति बढाउनु पर्छ' भन्दै सत्ताको खेलमा सामेल भएका छन् । हामीले जनयुद्ध शुरु गर्दा गरेको प्रतिज्ञा मृत हुन पुग्यो । सामन्तवर्गबाट सत्ता खोसेर श्रमिकवर्गको हातमा सत्ता सुम्पिने र विस्तारवाद-साम्राज्यवादको हस्तक्षेप र उत्पीडनबाट देशलाई मुक्त गरेर स्वतन्त्र, स्वाधीन अघि बढ्ने दुईटा बाचाहरू थिए-हाम्रा । ती वाचा असफल भए । कृष्ण सेनको यो कविताले सायद यस्तै परिस्थितिको पूर्वानुमान गर्दै आत्मसमर्पण गर्नेहरू विरुद्ध उतिखेरै खबरदारी गरेको प्रतीत हुन्छ ।

सेनको कविताांशले मात्र हैन वलिदानको मूल्यले पनि त्यही कुरा भन्छ । तर केही गद्दार भएर निस्कँदैमा वलिदान असफल हुन सक्दैन । इतिहासले वलिदानको मूल्य उठाउनेछ । 'एक माघले जाडो जाँदैन' पुर्खाले उखानमा अनुभव सूत्रीकरण गरेका थिए । एउटा हार अन्तिम हार पनि होइन । हामी सर्वहाराका पक्षधर क्रान्तिका हिमायतीहरू हाछौं, फेरि हाछौं, फरि पनि हाछौं र अन्तिममा जितेरै छाड्छौं । 'नहार्नेले जित्न सक्दैन' एउटा भनाइ छ । अर्थात् हारबाट नै सिकेर विजयमा पुगिन्छ । हारहरूले नयां बाटो सिकाउंछन् । हारबाट नै सबल र खंदिलो भइन्छ । लड्ने उठ्ने, फेरि लड्ने, फेरि उठ्ने र अन्तमा उठेर हिंड्ने बालकको शैली यहँ पनि लागु हुन्छ । क्रान्तिको यात्रा यस्तै शैलीबाट अघि बढ्छ । जस जसले गद्दारी गरेर प्रतिक्रियावाद र साम्राज्यवादसामु आत्मसमर्पण गरे पनि आत्मसमर्पण नगर्ने स्वाभिमानी र विचारनिष्ठाका साथ सर्वहारावर्गको मुक्तिका निम्ति जीवन अर्पण गर्न तयार मान्छेहरू अझै पनि जीवित छन् । निस्तेज शिरहरू झुकेर सामन्तवाद र विस्तारवादसामु अभिषेक चढाए पनि शिर ठाडो पारेर नझुक्ने पनि छन् । दुर्बल मुट्ठीहरूले जुम्लाहात गरेर प्रतिक्रियावादसामु नतमस्तक भए पनि लालसलामका मुट्ठी दरिलो गरी कस्सिँदै पनि छन् । थाकेका मान्छेहरूले अन्तिम विश्राम लिए पनि राता पाइलाहरू अगाडि बढिरहन दृढसंकल्प गरिरहेछन् । कायर



स्वरहरूमा कसैले प्रतिक्रियावाद र विस्तारवादको प्रशस्ति वाचन गरे पनि विद्रोहका आवाजहरूले हुङ्कार गर्न छोडेका छैनन् । अन्तिम गन्तव्य नयां जनवादी क्रान्तिपछि वैज्ञानिक समाजवादमा पुग्ने र सर्वहारावर्गलाई शासन सत्तामा बसाल्ने यात्रा पूरा नभएसम्म सहिदका वलिदान कसरी मूल्यहीन हुन सक्छन् ? त्यसैले क्रान्तिकारीहरूको पुनर्संगठित हुने, एउटा क्रान्तिकारी पार्टी बनाउने र क्रान्तिको बाटो देखाइरहने सपना जीवित नै छ । वर्ग छोडेर, विचार छोडेर, संकल्प छोडेर सपनाको मृत्युमा संसदवादको महलमा उत्सव मनाइरहेकाहरू देश जनता विरुद्ध हामफालेका छन् तर त्यसको विकल्प शक्तिका रूपमा क्रान्तिकारीहरू पनि ध्रुवीकरणमा अघि बढ्दै छन् । लड्ने वाचा मर्न नदिने, जित्ने आशा मर्न नदिने, हारको पीडालाई शक्ति सञ्चयमा बदल्ने, आशावादको बिउ फेरि रोप्ने प्रक्रिया पनि शुरु भएको छ । गद्दारहरूले निराशा, कुण्ठा, अकर्मण्यता, आत्मग्लानि, पश्चात्तापमा डुबाएका क्रान्तिकारी सिपाहीहरू फेरि त्यसबाट मुक्त हुंदै क्षितिजको उज्यालोमा दृष्टि बांध्न कस्सिएका छन् । क्रान्तिको भविष्य छ, क्रान्तिको सान्दर्भिकता छ, क्रान्तिको औचित्य छ र आवश्यकता छ । क्रान्ति फेरि हुन्छ, क्रान्तिको अन्त्य हुदैन । परिवर्तन अनिवार्य शर्त हो समाजको । यो प्राकृत नियम पनि हो । यसलाई कसैले रोकेर रोक्न सकिन्न । त्यसैले कसैले अब परिवर्तन, क्रान्ति जरुरत छैन भने पनि त्यो आवश्यक छ र जरुरी छ । किनभने यो संसदीय व्यवस्थाले केही गर्ने छैन । देश र जनताका समस्याहरूको समाधान यसबाट हुन सक्दैन । त्यसको समाधान त नयां जनवादी व्यवस्थाबाट मात्र सम्भव छ । यो प्रतिक्रान्तिले समस्याको समाधान हैन झन् समस्या सिर्जना गर्दैछ । संकट निम्त्याउदैछ । जनताका जनजीविकाका सवाल, देशको राष्ट्रियतामाथि खतराको सवाल यसले समाधान गर्ने भएको भए संसदवादी व्यवस्था ०५२ साल अघि पनि थियो त्यसविरुद्ध किन जनयुद्ध गर्नु परेको ? संसदीय व्यवस्था नै स्थापित गर्नका लागि स्थापित संसदीय व्यवस्था विरुद्ध किन व्यर्थमा १७ हजार मान्छेको वलिदान गरेको ? यस्ता प्रश्नको उत्तर समयले खोजिरहेछ । संसदीय व्यवस्थाबाटै समाजवाद आउने भएको भए संसारमा हतियार किन उठ्थे र ? संसदवादी पार्टीहरूको दलाल र दास चरित्र तथा राष्ट्रिय आत्मसमर्पणवादी चिन्तनले देश पूर्णतः स्वाधीन हुने सम्भावना छैन । के अब बन्ने वाम गठबन्धनको सरकारले सबै असमान सन्धी सम्झौता खारेज गर्न पहल गर्छ त ? के मिचिएका सीमा फिर्ता गर्न पहल गर्छ त ? के कालापानी, सुस्ता, महेशपुर जस्ता नेपालका भूभाग जुन भारतले हडपेको छ, फिर्ता गर्छ त ? त्यस्तै दलाल पुंजिवाद र नोकरशाही पुंजिवादको आर्थिक सत्ताबाट देश समृद्ध र आत्मनिर्भर हुने भए क्रान्ति किन चाहिन्थ्यो र ? विदेशीका इसारामा सञ्चालित विस्तारवादका नोकरहरूले स्थिरता दिन सक्ने भए विकल्पको आवश्यकता किन हुन्थ्यो ? स्वार्थी, व्यक्तिवादी, अनैतिक, भ्रष्टाचारीहरूबाट देशले समृद्धिको आशा राख्नु नै बेकार छ । यसै कारण हामीले गद्दारहरूले धुलोमा फ्यांकेको लालझण्डालाई उठाएर टक्टकाएका छौं र फेरि फहराउने जमर्को गरेका छौं । हामी जीवन र आशाको पुनः सञ्चार गर्न चाहन्छौं । हामी रात चिर्दै रातो बिहान झुल्काउन चाहिरहेका छौं । जतिसुकै अब हतियार उठाउन पर्दैन भने पनि वस्तुस्थिति र संसदीय चरित्रले जनतालाई हतियार उठाउन विवश बनाउनेछ । यही यथार्थको लागि गद्दारहरूले भत्काएर छाडेको क्रान्तिको बाटोमा फेरि पर्खाल उठाउँदै र मर्मत सम्भार गर्दै अघि बढ्दै छौं । बाटो रहिरह्यो भने हिंड्ने साहसी यात्रीहरू आउनेछन् । विचार रहिरह्यो भने त्यसका अनुयायी जन्मिन्छन् । माओका शब्दमा भन्ने हो भने 'सही लाइन भए सबथोक प्राप्त हुन्छ र गलत भए प्राप्त भएका सबथोक गुम्छन्' । हिंजो जनयुद्धमा प्राप्त स्थानीय सत्ता, जनअदालत, सेना, मिलिसिया, विशाल पार्टी, ८० प्रतिशत मुक्त भूभाग आदि सबै आज गुमेका छन् । गलत विचारको परिणाम यही हो । तसर्थ सही बाटो, सही लाइन, सही विचारलाई बचाउनु पर्छ । भविष्यको क्रान्तिको बाटो नै भत्काएर सफल भयौं भन्ने गद्दारहरूको लागि क्रान्तिकारी माओवादीको निर्माण एउटा जबाफ हो । संसदीय राज्य व्यवस्था संसारैबाट क्रमशः असफल साबित भइसकेको छ । नवउदारवादले पल्टा खाइसकेको छ । दलाल पुंजीवाद र नोकरशाही हैकम तथा विस्तारवादी दलाली र राष्ट्रिय आत्मसमर्पण नाकाम सिद्ध भएका छन् । फेरि त्यही बाटो हिंड्नेले देशको समस्या समाधान गर्न सक्दैनन् । नत संसदबाट समाजवादको सपना नै पूरा हुन सक्छ । यो ढुंगालाई कोरलेर चल्ला निकाल्ने सपना जस्तै हो । त्यसैले नै विद्यमान व्यवस्थाको विकल्प आवश्यक छ । क्रान्तिकारी विचार र क्रान्तिकारी पार्टीलाई बचाउन सक्यौं भने त्यसले नै नेतृत्व जन्माउंछ । आखिर नेतृत्वको निर्माण संघर्षबाट हुन्छ । नेता इतिहासले निर्माण गर्छ । त्यसैले हामी फेरि पनि भन्छौं-' उठाइरहन्छौं हामी तिम्रा विरुद्ध संघर्षका हातहरू/कसिरहन्छौं हामी तिम्रा विरुद्ध विद्रोहका मुट्ठीहरू/ओ अत्याचारका पहरेदारहरू/अन्तिम जीत हाम्रै हो ।'(इच्छुकको कविताांश) । हामी अझै थाकेका छैनौं, हामी अझै विचलित भएका छैनौं, हामी अझै निराश भएका छैनौं । हामी मृत्युगीत गाउन तयार छैनौं । त्यसैले फेरि पनि भन्छौं-'गुञ्जिनेछन् प्रभात फेरि बिजुलीका गीत/गरिबलाई माया गर्ने निष्ठा जस्तो प्रीत/असत्यलाई एकदिन फेरि हामी हराउनेछौं/सभ्यताको नयां युग फरि बसाउनेछौं ।' *(यसरी देश मरिरहेछ बाट)*

# शहीद क.नमूना (शान्ति पराजुली) लाल सलाम

**● शहीद जयराम पराजुली**

मालेमावादको उर्जाशील वैचारिक हतियारको आधारमा सर्वहारा वर्गीय पक्षधरतालाई अङ्गाल्दै निरन्तर क्रान्तिको प्रक्रियामा लामवद्ध हुने जो कोहीले पनि जीवन र मृत्युको परिभाषालाई राम्रोसँग बुझेको हुन्छ । जीवनमा मृत्यु र मृत्युमा जीवनलाई अत्यन्तै पारदर्शी ढङ्गले देखेको हुन्छ । त्यही मृत्यु र जीवनको बारेमा स्पष्ट भएका मान्छेहरूले मात्र आफ्नो एउटा जीवन क्रान्तिको महासमरमा हेल्ने गर्छन् । मुक्ति र मृत्युको सपथ खाएर "कम्युनिस्टहरूका लागि जित्नका लागि सारा विश्व" यो सत्यतालाई दह्रो साथ पक्डन खप्पिस इतिहास निर्माणका सर्जकहरू क्रान्तिको निरन्तर मार्गमा जान रत्तिभर हिच्किचाउँदैनन । आखिर अन्ततः महान् राता र मार्गनिर्देशक व्यक्तित्वहरू तिनै बन्ने गर्दछन् जसले मृत्यु पचाउन सक्छन् । महान् जनयुद्धको यात्रामा इतिहासका पानामा आफ्नो नाम रगतले लेखाउने महान् मान्छेहरू आज झण्डै दशहजार पुगेका छन् । तिनै मान्छे मध्ये मृत्युसँगै जुध्न सक्ने मध्ये एक हुनु हुन्थ्यो क.नमूना (शान्ति पराजुली) ।

सामन्ती फासीवादी वुर्जुवाहरूको सञ्चारमाध्यमबाट मैले एउटा खबर सुन्छु र अनायासै म टक्क अडिन्छु । वुर्जुवाहरूको झुट र भ्रमको खेती गरेर खाने सबैभन्दा भरपर्दो भाँडो रेडियो नेपाल कत्ति पनि किञ्चित नभई महान् मान्छेका मृत्युको घटिया प्रचार गर्छ 'दोहोरो मुठभेडमा बारामा ५ आतङ्ककारीको मृत्यु । सकेटबम, दस्तावेज आदि बरामद ।' ऊ भन्दै जान्छ 'शान्ति पराजुली (क.नमूना), उर्मिला अधिकारी (क.समीक्षा), टिका नेपाल, क्रमशः ।' सायद उसले वाचन गर्ने शैली हिजोको भन्दा विल्कुल विकास भएको छ कु-प्रचार गर्न । यसरी २०६१ वैशाख १७ गते नमूना (शान्ति पराजुली) को हत्याको खबरले मलाई मर्माहत बनायो । हुन त त्यस ठाउँमा हत्या गरिएका अन्य कमरेडहरू पनि हुनुहुन्छ मलाई उहाँहरूको हत्याले दुखीत, चिन्तित र मर्माहत नबनाएको पक्कै होइन । उहाँहरू सबैसँग मेरो क्रान्तिकै कामको यात्रामा भेटघाट भएको थियो र हामी राम्रै परिचित थियौँ फेरि हामी एउटै यात्रामा अन्त्यसम्म हिँड्ने मालेमावादको सपथ खाएर हिँडेका थियौँ । त्यस्ता महान् मान्छेको शहादतले मलाई क्रान्तिमा एकलताको महशुस नभएको भने होइन । तर नमूना (शान्ति पराजुली) सँगै म व्यावारिक रूपमा क्रान्तिको यात्रामा मात्रै हैन पारिवारिक रूपमा पनि नजिक थिएँ । उहाँ मेरो आदरणीय भाउजू हुनुहुन्थ्यो । भावनात्मक रूपले हेर्दा हाम्रो बीचको साइनो त्यो थियो भने वैचारिक रूपमा हामी वर्गीयतामा आधारित भएर काम गरिरहेका थियौँ । क्रान्ति एउटा जीवन हो, यहाँ कहिले काँही कुनै बेला सामान्य रोग लाग्ने गर्दछ त कहिले खतरनाक रोग लाग्दछ । त्यसको लागि उपचार गर्ने डाक्टरले सही विचार, विवेक र कुशल नेतृत्वको माध्यमबाट क्रान्तिको जीवनमा लाग्ने रोगको उपचार गर्नुपर्ने हुन्छ । त्यसैले उहाँ क.नमूना पनि आफ्नो जीवनको माध्यमबाट बेलाबेलामा विभिन्न प्रकृतिका रोगसँग जुध्दै आउनु भएको थियो । सायद उहाँको जीवनमा साना ठूला रोगले आक्रमण गर्न खोजिरहन्थे । तर पनि उहाँ रत्तिभर विचलित हुनुहुन्नथ्यो । क्रान्तिमा प्रत्यक्ष सरिक नहुँदाको अवधिसम्म उहाँ आफूले जानेका बुझेका कुराहरू सबैका सामू राख्न रुचाउनुहुन्थ्यो । सायद जीवनमा उहाँले अन्याय कहिल्यै पनि सहनु भएन । उहाँ २/२ पटकसम्म दुश्मनको कब्जामा पर्नुभयो र जेल जीवन व्यथित गर्नुभयो । त्यो अवधिमा उहाँलाई गलाएर आत्मसमर्पण गराउन कति कोशिस गरे । कति यातना दिए नरभक्षी राक्षशहरूले, तर मृत्युमा सदाबहार जीवन देख्ने साहसी क्रान्तिकारीहरूले कहिले पो दुश्मन सामू झुक्न जानेको हुन्छ र ? सायद यस विषयमा उहाँ एउटा उदाहरणीय नै बन्नु भएको छ ।

निरन्तर दुश्मनको दमनका कारण उहाँ पूर्णकालीन कार्यकर्ताका रूपमा क्रान्तिमा सामेल हुनु भयो । अत्यन्तै अस्तव्यस्तताको कारण मैले त्यतिबेला भनेको थिएँ "भाउजू स्वास्थ्य स्थिति धेरै कमजोर छ ।" उहाँ भन्नुहुन्थ्यो "बाबु सबभन्दा ठूलो कुरो त विचार रहेछ । यदि सही विचारलाई सही ढङ्गले आत्मसात गरेर दृढतापूर्वक अगाडि बढेको खण्डमा मेरो स्वास्थ्य स्थितिले मलाई युद्ध लड्न कुनै समस्या पर्ने छैन । क्रान्तिमा मेरो समस्या धेरै न्युन होला जस्तो मलाई लाग्छ । क्रान्तिकारीहरूले ज्वारभाटासँग खेल्न साहस गर्नु पर्छ ।" हो उहाँ बारम्बार यी शब्दहरूको वर्षात गर्नु हुन्थ्यो । उहाँ जस्तोसुकै अप्ठ्यारो आइपर्दा पनि निराश मनस्थितिमा भने कहिले देखापर्नु हुन्थेन । साँच्चै क्रान्तिकारी धैर्यता, साहस, दृढता र आशावाद भने उहाँमा पक्कै थियो । हाम्रो बेलाबेलामा भएका भेटघाटमा हामी सामान्य सञ्चो विसञ्चोको कुरा गरे पनि अरू समय क्रान्ति यात्रामा बटुलेका अनुभव, क्रान्तिको विकास, विस्तार र भोली भएको विजयको साथमा आइपर्ने चुनौतीको समेत मुकाविला गर्नुपर्ने हाम्रो कर्तव्य आदिबारे विचार आदान प्रदान गर्दथ्यौँ । भेटमा उहाँ भन्नु हुन्थ्यो- "असहज र अप्ठ्यारो परिस्थितिसँग मुकाविला गर्दै अगाडि बढ्नु क्रान्तिको आधारभूत नियम रहेछ ।" साँच्चै हो ज्वारभाटाको *...बाँकी ८ पेजमा*

## मुकुण्डोधारीहरूको...

नै पुऱ्याए । स्वतन्त्र प्रतिस्पर्धा भन्ने मात्रै भयो- भयो केवल पैसावाला र शक्ति प्रदर्शन (सत्ताको दुरूपयोग) गर्न सक्नेहरूकै प्रतिस्पर्धा । यही हो यथार्थ संसदीय व्यवस्थाको सक्कली स्वरूप । यसले भ्रष्टाचारलाई संस्थागत गर्नका लागि पर्याप्त आधार तयार पाऱ्यो ।

संसदीय निर्वाचनको प्रक्रियाका दुई वटा चुनावी गठबन्धन बने, एउटा एमालेको नेतृत्वमा कथित वाम गठबन्धन अर्को यसैको प्रतिक्रियास्वरूप नेपाली काङ्ग्रेसको नेतृत्वमा कथित लोकतान्त्रिक गठबन्धन । 'वाम' गठबन्धनले वाम चरित्र ग्रहण गर्न सकेन र सक्दैन पनि । किनकि यसले प्रतिक्रियावादी संसदीय राज्यसत्ता र व्यवस्थालाई आत्मसात गरिसकेको छ भने साम्यवादको मूल्य, मान्यता र आदर्शको परित्याग गरिनै सकेको छ । कथित वाम गठबन्धनवालाहरू सच्चा कम्युनिष्ट त थिएनन्- थिएनन् वाम पनि हुन सकेनन् । किनकि सरकारमा जानको लागि कुनै मापदण्ड रहेन- जो-जोसँग पनि अवसर मिले सरकारमा गैहाल्ने र पक्ष र प्रतिपक्ष भन्ने अवस्था नै रहेन । यिनीहरूले पूँजीवादी जनवादी क्रान्ति भइसक्यो, अब समाजवादी क्रान्ति गर्नुपर्दछ भन्दै ने.का.ले दिँदै आएको प्रजातान्त्रिक समाजवादको नाराझैँ कथित वाम गठबन्धनले पनि लोकतन्त्र र समाजवादको नारा अँगालेको छ । कम्युनिष्ट नाममा रातो झण्डा प्रयोग गरेर कम्युनिष्टप्रति झुकाव राख्ने वाम जनमतलाई भ्रमित गरिरहेका छन् । यसबाट के कुरा प्रष्ट भयो भने न लोकतन्त्रको अभ्यास भयो न वामतन्त्रको, भयो केवल एउटै सार बोकेका संसदीय अधिनायकवादी खेलको अभ्यास ।

सामन्तवादको विरुद्धको सङ्घर्षमा संसदीय प्रणालीको जन्म भएको थियो, जसले औद्योगिक पूँजीको विकास गर्न बाटो खोलेको थियो । त्यसैले यो प्रगतिशील चरित्रको थियो । अहिले संसदीय व्यवस्था नोकरशाह, दलाल पूँजीपति एवम् सामन्तवर्गको सत्ता साम्राज्यवाद र विस्तारवादको अभिन्न अङ्गको रूपमा स्थापित भएको छ । अहिले दलाल एवम् नोकरशाही पूँजीपति तथा सामन्तवर्ग एकातिर आम जनसमुदाय अर्कोतिर भएको प्रधान अन्तरविरोध बनेको छ ।

एमाले र माकेलगायतका दलहरूले नेपालमा दलाल तथा नोकरशाही पूँजीको विकासलाई पूँजीवादको विकास भयो भनी हल्ला गर्दै अब समाजवादका लागि आधार तयार हुँदै गएको छ भनी भ्रम सृष्टि गरेर यही संसदीय सत्ता र व्यवस्थामा लिसोझैँ टाँस्सिएका छन् । यसै प्रक्रियाबाट शान्तिपूर्ण रूपले समाजवादी क्रान्ति सम्भव हुने असाध्यै मित्थ्या प्रचार गरिरहेका छन् । यसको व्यापक भण्डाफोर गर्दै कम्युनिष्ट जनमतलाई नयाँ जनवादी क्रान्तिको सम्भावना र आवश्यकतलाई स्पष्ट पार्दै सङ्घर्ष र सङ्गठनमा जोड्ने कुरालाई केन्द्रीय समितिको बैठकले जोड दिएको छ ।

'हामीले राष्ट्रियता तथा जनतन्त्रसित सम्बन्धित दुवै प्रकारका समस्यालाई नेपाली पूँजीवादी जनवादी क्रान्तिका आधारभूत समस्याहरूका रूपमा लिनु पर्दछ र यी दुवै समस्याको समाधान एकैसाथ हुने कुरामा जोड दिनु पर्दछ ।'

यो उद्धृत भनाईबाट स्पष्ट हुन्छ कि राष्ट्रिय रूपमा दलाल, नोकरशाह तथा सामन्तवादलाई परास्त गर्ने र बाह्य रूपमा साम्राज्यवाद एवम् विस्तारवादी हस्तक्षेपबाट मुक्त नभई पूँजीवादी जनवादी क्रान्ति सम्भव छैन । यो सर्वहारावर्गको नेतृत्वमा नयाँ जनवादी राज्यसत्ता स्थापना गरेर मात्र औद्योगिक पूँजीवादको स्थापना सम्भव छ र त्यो आवश्यक छ । त्यसैले दलाल तथा नोकरशाही पूँजीवाद साम्राज्यवादको अभिन्न अङ्ग हो भने औद्योगिक पूँजीवाद वैज्ञानिक समाजवादको अभिन्न अङ्ग हो । यसको विकास बिना समाजवादको कुरा गर्नु कोरा कल्पना र झुटको खेती मात्र हो ।

जस्तो कि प्रतिवेदनमा भनिएको छ 'लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपछि पनि यहाँ राज्य व्यवस्था पञ्चायतीकालको जस्तै दलाल तथा नोकरशाही पूँजीपति एवम् सामन्त वर्गकै हातमा रहेको छ । क्रान्तिले गम्भीर धक्का खानुको परिणामस्वरूप यसप्रकारको व्यवस्था स्थापना गरिएपश्चात् अब देशमा अर्को प्रतिक्रान्तिकाल सुरू भएको छ । फलतः राष्ट्रियता, जनतन्त्र र जनजीविकाको समस्या झन्-झन् संगीन, गम्भीर र जटिल बन्न गएका छन् ।' पेज ७ को बैठकमा पारित तात्कालिक राजनीतिक प्रस्ताव ।

यस्तै के.स.को बैठकमा पारित तात्कालिक राजनीतिक प्रस्तावमा भनिएको छ- 'ने.का.को नेतृत्वमा बनाइएको लोकतान्त्रिक गठबन्धन कथित वाम गठबन्धनको प्रतिक्रियास्वरूप जन्मिएको हो र त्यसले जनताका कुनै नयाँ प्रकारको भ्रम दिन सक्दैन । परन्तु एमालेको नेतृत्वमा बनेको 'वाम' गठबन्धनले भने कम्युनिष्ट नाममा परिवर्तनकामी जनतामा ठूलो भ्रम सृजना गरेको छ । अहिलेको संसदीय निर्वाचनमा 'वाम' गठबन्धनको 'विजय' भएको छ । यो नेपाली जनता र क्रान्तिका निम्ति निकै ठूलो चुनौती र प्रतिकूलता हो ।'

निश्चय पनि क्रान्तिकारी कम्युनिष्टहरूका लागि चुनौती थपिएको छ, तर नवउदारवाद, निजीकरण, दलाल पूँजीवाद र वैदेशिक उत्पीडनले लपेटेको अर्थतन्त्रलाई देश र जनताको हितमा प्रयोग गर्न स्थायित्व, विकास र समृद्धिको सुधारवादी नाराले सम्भव छैन ।

असमान सन्धि सम्झौता विरुद्ध नलडीकन समृद्धि सम्भव छैन, उदारीकरणले विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोष अन्य वित्तीय संस्थाहरूले विभिन्न प्रकारका शर्तहरू मान्न बाध्य पार्दछन् । यिनीहरूका विरुद्ध सङ्घर्ष नगरी स्थायित्व, विकास र समृद्धि फगत नारा मात्रै हुन्छ । वर्गीय दृष्टिकोणबाट पतन भइसकेका नयाँ दलालहरूबाट यस प्रकारको सङ्घर्षको सम्भावना देखिँदैन । राज्य नियन्त्रित स्वतन्त्र अर्थतन्त्रको पहलकदमीद्वारा राजकीय पूँजीको निर्माण नगरी विकासको सम्भावना छैन- हुन पनि सक्दैन । यसको विकाससँगै समाजवादी व्यवस्थामा फड्को मार्ने आधार तयार हुन्छ । दलाली-चाकडीमा लागेका र त्यसैको संरक्षण माग्दै आएकाले आफ्ना मालिकका विरुद्ध जानै सक्दैनन् । यिनीहरूबाट विकास र समृद्धि अनि समाजवादको कसरी परिकल्पना गर्न सकिन्छ ? यिनै झुट्टा नारासहित कथित वाम गठबन्धनसँग पार्टी एकताको कुरा उठेकोले जनताका एउटा तरङ्ग ल्यायो र 'विजय' हासिल गऱ्यो । कम्युनिस्टको नाममा कथित वामले जनतालाई भ्रम दिन सफल रह्यो । यो अस्थायी विषय हो- लामो समयसम्म यिनीहरू भ्रम दिन सक्दैनन्- वास्तविकता स्पष्ट भइहाल्छ ।

निर्वाचनको कार्यनीतिक उपभोगको नीतिलाई हाम्रो पार्टीले प्रयोग गऱ्यो संसदीय निर्वाचनलाई सङ्घर्षको मञ्चको रूपमा राज्यव्यवस्था, प्रतिक्रियावादी संविधान, सत्ताले गरेका भ्रष्टाचार, राष्ट्रघात र जनघातको भण्डाफोर गर्ने नीति लिएर मोर्चाको तर्फबाट उम्मेदवारी दिइएको थियो । यसबारे पार्टी के.स.को पारित प्रस्तावमा संसदीय निर्वाचनको समीक्षा अत्यन्तै सटिक र वस्तुनिष्ठ किसिमले गरिएको छ, त्यो सही छ । सो प्रस्ताव विभिन्न पत्रपत्रिकामार्फत् सार्वजनिक गरिएकोले यहाँ थप व्याख्याको आवश्यकता महसुस गरिएन ।

केन्द्रीय समितिले आगामी योजनालाई विभिन्न शीर्षकअन्तर्गतको प्रस्ताव पारित गरेको छ । त्यसलाई अभियानात्मक ढङ्गले अघि बढाउन सङ्गठन तथा जनपरिचालन अभियान बारेको मूर्त कार्यक्रमको तालिकामार्फत् गरेकोले त्यसतर्फ आत्मसात गरी सक्रिय तथा सृजनात्मक ढङ्गले अघि बढेमा सङ्गठन र सङ्घर्षको राम्रो आधार तयार हुनेछ । जसको माध्यमबाट समग्र आन्दोलनलाई प्रभावकारी ढङ्गले माथि उठाउन सकिने छ ।

प्रतिक्रियावाद र दक्षिणपन्थी संशोधनवादका विरुद्ध सङ्घर्ष गर्दै नेपाली कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी धार विकसित भइरहेको छ । परिवर्तनशील जनताका विरुद्ध थोपरिएका भ्रमहरू चिर्न विभिन्न किसिमका सङ्घर्षका बीचबाट अघि बढ्नु पर्दछ । विचारधारात्मक ढङ्गले चिरफार र राजनीतिक भण्डाफोर, वर्ग सङ्घर्षका कार्यक्रम गरी अत्यन्तै मेहनतका साथ सङ्गठन र सङ्घर्षका कामलाई सङ्गठित गर्दै लैजानु पर्दछ । यसका साथै क्रान्तिकारी कम्युनिस्टहरू बिचको एकता र ध्रुवीकरणको बारेमा आवश्यक छलफल र बहसका साथ अघि बढ्न आवश्यक छ- यसको लागि पर्याप्त र सार्थक पहल गरौँ । नक्कली कम्युनिस्टहरूका विरुद्ध जमेर भण्डाफोर गरौँ- क्रान्तिकारी कम्युनिस्टहरूका लागि जमीन खाली छ ।

## सातवटै...

घाइते अपांगसँग भेटघाट, युद्धकालीन कार्यकर्तालाई प्रशंसापत्र र जनतालाई अभिनन्दन पत्र दिइने गरी कार्यक्रमलाई मूर्तिकरण गर्न थालिएको छ ।

चैत्र महिना संगठन तथा कार्यक्रमको संश्लेषणको महिना हुने बताइएको छ । यो महिनामा स्थानीय स्तरमा निर्माण गरिएका संगठनहरूको आधारमा जिल्ला तथा प्रदेश कमिटीहरू गठन पुनर्गठन र भेला तथा सम्मेलनहरू सम्पन्न गरिने छन् । यसका साथै, संघर्ष र बलिदानका उचाइ चुमेका चैत्र ५ गतेको सांस्कृतिक प्रतिरोध दिवस र चैत्र २४ को जनआन्दोलन दिवसलाई स्थानीय शक्ति र स्रोत साधन परिचालन गरेर भव्य रूपमा मनाइने ठेगान भएको बताइएको छ ।

स्रोतका अनुसार कार्यक्रमको अवधिभर पार्टी, मोर्चा, जनवर्गीय संगठनहरूलाई एकीकृत र केन्द्रीकृत रूपमा परिचालन गरिने, केन्द्रीय समिति सदस्यहरूदेखि स्थानीय स्तरका कार्यकर्ताहरू अनुशासित र व्यवस्थित रूपमा अभियान अवधिभर खट्ने व्यवस्था मिलाइएको छ । अभियान दलका सदस्यहरूलाई आलोपालो जिम्मा र विदाको व्यवस्था गर्ने, स्कूलिङ, प्रशिक्षण र जनपरिचालनका कामहरूलाई अभियानसँग जोड्ने, यी सबै कुराहरूलाई सिर्जनात्मक र रचनात्मक तरिकाले जोड्ने, कमिटी प्रणालीलाई दह्रोसँग पकड्ने आदि कुराहरूलाई सामान्य मान्यता अन्तर्गत राखिएको छ ।

## नवसंसद्वादीहरू...

हुने भन्दै सार्वजनिक अभिव्यक्ति दिनु फासीवादीकरणका अभिव्यक्ति हुन्' भन्नुभयो ।

उहाँका अनुसार विद्यार्थी, मजदुर, किसान तथा उत्पीडित जनवर्गहरूमाथि हुने उत्पीडन विरुद्ध उनीहरू उठ्न नै नपाउने र अधिकार तथा मुक्तिका लागि सामान्य सङ्घर्षका बाटाहरू पनि बन्द गर्न लालायित देखिने यो शासकीय अभिव्यक्ति घोर जनविरोधी र अग्रगमनका विरुद्धमा समेत् रहेका छन् । महासचिव किरण थप्नुहुन्छ- 'स्थानीय निर्वाचनमा पार्टीहरूलाई चुनाव चिन्ह प्रदान नगर्नु, थ्रेसहोल्डको अबरोध खडा गर्नु, जनतालाई फौजी नाकाबन्दी गरेर भोट खसाउनु, विचार र आस्थाले नभई पैसाले जनता खरिद गरी आफ्नो पक्षमा मत पार्नु र फरक मत तथा विचारलाई देख्नै नसक्नुले अन्ततः फासीवादीकरणको बाटोलाई नै फराकिलो बनाउँदै लैजान्छ ।'

लोकतन्त्र, गणतन्त्र, प्रजातन्त्र जे भने पनि जनताका हक अधिकार प्राप्तीका यी पुरानै मान्यताहरू हुन् र ती सीमित अधिकारहरू पनि जनताका हातबाट हरण गर्ने प्रयासमा शासकहरू अघि बढिरहेको स्मरण गराउँदै महासचिव क. किरणले ' प्रजातन्त्रको सुरुआत गरेका युनान र रोमको दासमालिकको प्रजातन्त्रलाई हाल नेपालका समाजवाद निर्माण गर्दैछौं भन्ने शासकहरूले व्युँझाउन थालेका त होइनन्' भनी प्रश्नसमेत् गर्नुभयो । प्रारम्भमा प्रजातन्त्रको अभ्यास गर्दा युनानी शासकहरूले महिला र दासहरूलाई भोट दिने कुनै अधिकारको व्यवस्था नगरेको स्मरण गर्दै उहाँले ' आज नेपालका शासकहरू पनि उत्पीडित जनता र जनवर्गहरूलाई आफ्नो विचार बोक्नेलाई भोट दिने र अधिकारप्राप्त गर्ने अवसरबाट बञ्चित गर्न कम्मर कसेर लागेको' बताउनुभयो ।

नेपाली शासकहरूले जुनसुकै बहानाबाजी गरेर नेपाली जनतामाथि शासन थोपर्न लागि परे पनि अर्को क्रान्तिकारी अध्यायको थालनी भइसकेको समेत् उहाँले बताउनु भयो । उहाँले भन्नुभयो- ' क्रान्तिकारीहरू जनताका माझमा रहेको, जनतासँग उनीहरूको सुमधुर सम्बन्ध रहेको, पार्टी कार्यकर्ताहरू बीचमा बलियो भावनात्मक सम्बन्ध रहेको, जनतामा परिवर्तनको प्रवल चाहना रहेको, कम्युनिस्टको नाममा रहेका सुधारवादीहरूको संसदवादमा पतन भएको, साम्राज्यवादी शक्तिहरूबीच आरोप प्रत्यारोप र मनमुटाव बढ्दै गएको, विश्वको अतिमहाशक्ति भनिएको अमेरिका संरक्षणवादमा सङ्कुचित हुँदै गएको र आप्रवासनको मान्यतालाई खारेज गरी गैर नागरिकहरूलाई स्वदेश फिर्ता गर्न थालिएको तथा बहुध्रुवीय विश्वको कारणले साम्राज्यवाद सङ्कटमा परेको अवस्थामा नेपालमा नयाँ क्रान्तिकारी अध्यायको थालनी भएकोमा कुनै पनि शङ्का नगर्न' विशेष अपिलसमेत् गर्नुभयो ।

## क्रान्तिकारी...

गरियो । आवश्यक छलफल तथा परिमार्जन पश्चात् सो प्रस्ताव सर्बसम्मत रूपमा पारित गरियो । सो प्रस्तावको मूल मर्म यस प्रकार रहेको छ :

क) प्रतिक्रियावादीहरू तथा प्रतिक्रियावादमा पतन भएका दक्षिणपन्थी संशोधनवादीहरूले यस निर्वाचनबाट संक्रमण कालको अन्त्य, लोकतान्त्रिक गणतन्त्रको संविधानको कार्यान्वयन र इतिहासको नयाँ अध्याय तथा नयाँ युगको थालनी भएको बताएका छन् । परन्तु, बास्तविक अर्थमा नेपालमा प्रतिक्रान्तिको अर्को अध्यायको थालनी भएको छ । हामीले प्रतिक्रान्तिको यस अध्यायको अन्त्य र नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्नका लागि विशेष परिश्रम गर्न जरुरी छ ।

ख) पार्टीले पश्चगामी राज्यसत्ता, व्यवस्था तथा त्यसका पक्षधर राजनीतिक दलहरूको भण्डाफोर, जनाधार निर्माण लगायतका कामलाई अगाडि बढाउने उद्देश्यमाथि ध्यानदिंदै देशभक्त जनगणतान्त्रिक मोर्चाका उम्मेदवारुहरूलाई सघाई संसदीय निर्वाचनको उपयोग गर्ने नीति लिएको थियो । सो उद्देश्यमा आधारित उपयोगको नीति मूलतः सही नै रहेको छ । साथै यस प्रक्रियामा हाम्रा कतिपय कमी कमजोरी तथा सीमा पनि उजागर भएका छन् । यस प्रकारको स्थिति र अनुभव माथि आवश्यक ध्यान दिंदै संगठन र जनसंबन्धका काममा दृढतापूर्वक लाग्नु पर्ने शिक्षा हासिल गरिएको छ ।


ग) राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका साथै मजदूर, किसान, महिला, दलित, आदिबासी जनजाति, मधेशी, मुश्लिम तथा पिछडिएको क्षेत्र लगायत आम जनताका हक अधिकार सित सम्बन्धित समस्याहरूको तात्कालिक तथा दीर्घकालीन समाधान गर्दै संघीय जनगणतन्त्रको दिशामा अगाडि बढ्नका लागि स्वतन्त्र तथा संयुक्त रूपमा संघर्षको सञ्चालन गर्न आवश्यक छ ।

३. सो बैठकमा संगठन विस्तार तथा सुदृढिकरण र जनपरिचालन सम्बन्धी तीन महिने अभियान संचालन गर्ने निर्णय लिइएको छ ।

४ केन्द्रीय समितिद्वारा सर्बसम्मत रूपमा पोलिटव्युरो र स्थायी समितिको चयन गरिएको छ ।

५ बैठकमा केन्द्रीय समितिका सदस्यहरूको कार्यविभाजन गरिएको छ । र संगठन सम्बन्धी अन्य विविध प्रकारका निर्णय लिइएका छन् ।

६ सच्चा क्रान्तिकारी कम्युनिस्टहरूलाई एकतावद्ध गर्ने उद्देश्यमाथि जोडदिंदै मार्क्सवाद–लेनिनवाद–माओवादको पथप्रदर्शनमा नयाँ जनवाद हुदै समाजवाद तथा साम्यवादमा जानचाहने कम्युनिस्ट समूहहरूसित वार्ता/संवादको प्रक्रिया अगाडि बढाउनका लागि आवश्यक पहलगर्ने निर्णय लिइएको छ ।'



पुस ११ देखि पुस १७ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



## गीता पाठ गरे जस्तै भयो दाता सम्मेलन

**पुस ११ गते ।** 'बाह्र वर्षपछि धुरीबाट अपराध चिच्याउँछ' भन्थे बुढापाकाहरू । साँच्चिनै दुम्चेश्वर गाउँपालिका वडा नं. १, नुवाकोटका वार्ड अध्यक्ष्य सुनबहादुर तामाङको अपराध पनि बाह्रवर्ष पछि धुरीबाट कराएको छ । उनी निकै पहिले देखि महिला वेचविखनमा सँलग्न थिए तर राजनीतिक कभर भित्र बसेका कारण उनलाई कसैले छुन पनि सकेका थिएनन् । तर, पीडित तीनजना महिलाले इण्टरपोलमा उजुरी दिएका कारण उनलाई प्रहरीले वडा कार्यालयमै पुगेर रँगेहात गिरफ्तार गरेको छ । तामाङले भारतका विभिन्न सहरमा आफ्नै लगानीमा यौन व्यवसाय सँचालन गर्दै आएको खुलेको छ । नयाँदिल्ली, पुना, मुम्बई र कोलकातामा यौन कोठी सँचालन गर्दै आएका थिए । यो भन्दापहिले नेपाली चेलीहरू बिक्री गर्ने मात्रै गरिथ्यो । यो नेपाली आफैंले कोठी चलाएको पहिलो हुनसक्छ ।

**पुस १२ गते ।** नेपालीहरू भएर खान्छन कि खएपछि हुन्छ ? यो विषयमा बहस गर्ने वेला भएको छ । भन्नु होला नभै कसरी खान्छन् । हो नेपालीहरू एक वर्षमा एक खर्बको मासुमात्रै विदेशबाट मगाएर खान्छन् । के यो दोष जनताले लिन्छन् ? वा नेपालमा मासुजन्य खाद्यान्न उत्पादन नै हुदैन ? होइन, त्यसो होइन नेपालीलाई राज्यले नै परनिर्भर बनाएको छ । युवाहरू छोटै समयमा मोटो रकम कमाउँन विदेशी श्रमबजारमा बिक्री भएका छन् भने सरकार दक्षिणतिरको देशबाट मोटो रकम खाएर नेपालमा उत्पादन हुने कलकारखाना बिक्री गर्दैआएको छ । अब वाम भनिएको पार्टी एमाले–माकेको हातमा जनताले पाँचवर्षका लागि मुलुक जिम्मा दिएकाछन्, होरौं यस्ता समश्यामा यो सरकारले ध्यानदिन्छ कि दिँदैन कि हाम मात्र गरेर बस्छ हेर्न बाँकी नै छ ।

**पुस १३ गते ।** हिन्दूहरूको महान तीर्थस्थल पशुपतिनाथको मन्दीर परिसरमा आज देखि धार्मिक क्रियापलाप वाहेक अन्य केही कार्य पनि गर्न नपाईले निणर्य गरेर प्रशँसनिय काम गरेको छ । यो कार्य निकैवर्ष अगाडि गर्नुपर्थ्यो तर दरवारिया रखवालाहरूले गर्न सकेका थिएनन् वा गरेका थिएनन् । जे होस् जे गरे राम्रै गरे । अन्यत्र पनि मानव जातिको बढी भिडभाड हुने ठाउँमा नेपाल सरकारको पनि ध्यान जाला कि ?

**पुस १४ गते ।** धार्मिक पण्डीतहरू अनेक ठाउँमा आआफ्ना धर्मशास्त्र वाचन गरेर श्रद्धालुहरूलाई मन्त्रमुक्त बनाएर आफ्नो पैत्रिक सम्पत्ती पनि दान गर्न लालायित बनाउँछन र कार्यक्रम स्थलबाट बाहिर निस्किएपछि झल्यास्स हुन्छन् । कबुल गरेको रकम, नगद र वा जन्सी समेत केही दिनैनन् । यही भावुकतालाई नेपालका विदेशी दात्री निकायले पनि सिकेछन् । नपत्याए हेर्नोस न २०७२ साल बैशाख १२ गते नेपालमा आएको भनौ कि गएको भनौं भुकम्पको क्षतिपूर्तिका लागि झण्डै ५ खर्ब सहयोग गर्ने बचन दिएका थिए तर अहिलेसम्म्म एक खर्ब पनि नेपालले प्राप्त नगरेको सूचना पाएर नेपाली हिदूहरूले सुन्ने गरेको भागवत गीताको सम्झना भैरहेको छ । त्यही भूकम्पको बहानामा तत्कालिन अर्थमन्त्री रामशरण महतले दाता सम्मेलन गराएर विश्वकै उत्कृष्ट अर्थमन्त्रीको पगरी पनि लगाइसकेका छन् ।

**पुस १५ गते ।** जातेजाते स्वास्थ्य मन्त्री दिपक वोहोराले असक्त नेपालीलाई जीवनयापन गर्नका लागि भनी महिनाको रु पाँच हजारका दरले वितरण गर्ने मन्त्रिपरिषदबाट निर्णय गराएछन् । कुरा सुन्दा निकै राम्रो लाग्यो । तर, कार्यान्वयनमा ल्याउँने एउटा कार्यक्रम घोषणा गर्ने अर्कै के यस्ता अलोकपृय कार्यक्रमले नेपालीको मन जित्ला ? कि मन्त्री महोदयहरूको मनगणन्ते थैलि मात्रै भरिएला ? राजनीतिको मियो बुझ्दै नबुझि निर्णय गर्दा भएको छवि पनि बिग्रीएला नि !

**पुस १६ गते ।** नेपाल राष्ट्र बैंकका गभरनर चिरञ्जीवी नेपालले मःम पसल खुले झैं खुलेका नेपाली नीजि बैंकहरूलाई थताभावि लगानी नगर्न निर्देशन दिएछन्, राम्रैलाग्यो । २०४८ सालपछि कालोधनलाई सेतो बनाउँन बैंक खोल्ने होडवाजी निकै चर्कियो, चर्किदा चर्किदै यतिवेला नेपालको अर्थतन्त्र नै थर्किएको छ । यदि नेपाली पाखुरीको रेमिटेन्स नआउँने हो भने मुलुक टाटपल्टिसकेको हुने थियो । समयमै यो रेमिटेन्सलाई सदुपयोग गरेर उत्पादन मुलक काममा प्रयोग गर्न सकिएन भने कुनै दिन यस्तो आउँनेछ, जुन दिन एक डलर खरिद गर्न एकहजार नेपाली रूपैयाँ चाहिने छ ।

**पुस १७ गते ।** शेरबहादुर देउवाले सरकार किन छाडेनन् ? बाहिर–बाहिर राष्ट्रिय सभाको अध्यादेशलाई बहाना बनाइएता पनि भित्र अर्कै षढ्यन्त्र रचिएको थियो । त्यो षढयन्त्र भनेको 'कू' थियो । त्यो 'कू' पूर्व राजा ज्ञानेन्द्रसँग मिलेर सम्विधान खारेज गराउँने र राजसस्था पुनः ब्यूताउँने तर नेपाली सेनाको सहयोग विना यो 'कू' सम्भव थिएन । राजा छँदै सेनालाई चिढ्याएका ज्ञानेन्द्रलाई सघाउँनु र मुलुकमा जुर्मुराएको बामशक्तिलाई चिढ्याउँनु भनेको मुलुकलाई पछाडि धकेल्नु हो भन्ने कुरा सेनाले बुझेकाले यो दुर्घटनाबाट देश बचेको कुरा खुल्न आएको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं

फोन नं. : ०१-४२७०७०४, ४२७६३८१

तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)

फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर

फोन नं. : ०१-५१८७२५६

बल्खु, काठमाडौं ।

**रोयल बुईपा A/C जम्बो हाईस**



गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

**काठमाडौं सम्पर्क नम्बर**

बसन्त खड्का - ९८४२८३७७९३

- ९८१७७१९६९७

ईन्द्र कट्टेल - ९८१८४१५२९०

**गाईघाट सम्पर्क नम्बर**

फोन नं. ०३५-४२१६४३

पुरुषोत्तम खनाल - ९८५२८३५६९०

- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क

कृष्ण सुवेदी - ९८५१०१८९१२

राम के.सी. - ९८५१०५४२६४

होम छन्त्याल - ९८४१९०६५७२

गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

काठमाडौं फोन ०१४३८८३९३

बाग्लुङ ०६८५२२२२०

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ

बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# जनगणतन्त्रको दिशामा अगाडि बढौं

● **घननाथ सापकोटा 'विकास'**

नेपालमा सामान्तवाद साम्राज्यवादबाट पालित पोषित दलाल पूँजीवादको विरुद्धमा २००७ सालयता ठूलाठूला जनसङ्घर्षहरू भएका छन् । कहिले सशस्त्र सङ्घर्ष र कहिले जनआन्दोलनको रूपमा अभिव्यक्त भएका छन् । यस प्रकारका सङ्घर्षबाट संसार नै आश्चार्यचकित भएको थियो । २००७ साल, २०२८ साल, २०४६ साल हुँदै पछिल्लो समयको २०५२ सालबाट सुरूभएको महान् जनयुद्ध र २०६२/०६३ सालको जनआन्दोलनलाई लिन सकिन्छ । यी आन्दोलनहरूमा देशका सर्वोत्तम छोराछोरीहरूले रगत वगाएका छन् । थुप्रै नेपाली जनताको पसिनाले भिजेको छ । २००७ सालदेखि यहाँसम्मका जनसङ्घर्षमा नेपाली आमाका सर्वोत्तम छोराछोरीहरूले नेपाली जनताको पूर्ण मुक्तिको लागि हाँसीहाँसी प्राणको उत्सर्ग गरेका छन् । नेपाली भूमि र यसको इतिहास रक्तमुछेल छ । २००७ सालमा राणाशासनको विरुद्ध दशरथ चन्द, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, शुक्रराज शास्त्रीलगायत २०२८ सालको झापा आन्दोलनमा पञ्चायतका विरुद्ध वीरेन राजवंशी, कृष्णकुँइकेल, रामनाथ दाहाल, नेत्र घिमिरे, रत्नकुमार वान्तवा त्यस्तै २०३६ साल, २०४६ साल र दशवर्षे महान् जनयुद्धमा क.सुरेश वाग्ले (वासु), दिलवहादुर रम्तेललगायत दशौं हजारको बलिदान भइसकेको छ । यति ठूला जनसङ्घर्ष र यतिका बलिदानबाट पनि नेपाली जनताले सामान्य परिवर्तनको पनि अनुभूति गर्न पाएका छैनन् । यदि पाएका छन् भने घुमीफिरी रुम्जाटार भनेझैँ शासकहरूले नै चयनगरेका छन् । यसको मूल कारण आन्दोलनको नेतृत्व गर्ने नेताहरू साम्राज्यवाद र विस्तारवादको खरिदविक्रीमा पर्नु हो । उनीहरूको योजना र सल्लाहमा आन्दोलनलाई सम्झौतामा विसर्जन गर्नु हो । पछिल्लो दशवर्षे जनयुद्ध र २०६२/०६३ सालको जनआन्दोलनलाई पनि प्रचण्ड, बाबुराम र गिरिजाप्रसाद कोइरालाहरूबाट दिल्लीको रोहवरमा सम्झौतामा विर्सजन गरियो । र वल्लतल्ल देशमा विहारी गणतन्त्र आएको छ शासकहरूले ठूलोठूलो स्वरमा भन्ने गरेका छन्, विहारी गणतन्त्रले समावेशी समानुपातिक धर्मनिरपेक्षता दिएको छ । जनताले विहारी गणतन्त्रबाट निम्न विषयहरू अनुभूति गर्न पाएका छन् ।

१. देशमा भ्रष्टाचार खुब मौलाएर गएको छ । करिब-करिब भ्रष्टाचार नहुने कुनै क्षेत्र नै छैन । चाहे त्यो सडक निर्माणमा होस् वा नेपाल आयल निगमको जग्गा खरिद र जनताले सेवालिने दैनिक प्रशासनिक काममा र सबभन्दा बढी त राजनीति र संसदीय पार्टीका नेताले गरेका छन् ।

२. जनताले घुस नदिई सानो पनि कुनै कामै हुँदैन ।

३. बालिका तथा महिला बलात्कार तथा बेचबिखनका घटना झन् बढेर गएको छ ।

४. रोजगारको लागि देशको युवाशक्ति विदेश पलायन हुनेक्रम डरलाग्दो गरी बढेको छ ।

५. भारतमा दलालमार्फत् मुम्वईको कोठीमा पुऱ्याइएका हाम्रा चेलीबेटीलाई देश फर्काउने आँट यो सरकारले गर्दैन ।

६. जनतामाथि कर थोपरेर ढाड सेक्ने र जनप्रतिनिधिहरूले आफ्नो सुविधा बढाउने कुरामा प्रतिस्पर्धा चलेको छ ।

७. देशको राष्ट्रियता अत्यन्त जोखिममा पारिएको छ । सिक्किमीकरणको खतरा उत्कर्षमा पुगेको छ ।

८. देशका प्राकृतिक सम्पदा विस्तारवादी भारतलाई सुम्पन प्रतिस्पर्धाका साथै लम्पसारवादको विकास भएको छ ।

९. भारतद्वारा नेपाली भूमि मिच्ने काम तिव्ररूपमा अगाडि बढेको छ ।

१०. भारतीयबाट नेपाली जनतामाथि हत्या, लुट वलात्कारका घटनाहरू अत्याधिक बढेर गएको छ ।

११. भारतले सिमानामा बाँध बाँधेर नेपाली भूमि डुवानमा पार्ने काम तीव्ररूपमा अगाडि बढेको छ ।

१२. नागरिकलाई अपहरण गरेर हत्या गर्ने काम झन् झन् बढेर गएको छ ।

१३. सडकका खाल्डा खुल्डी र ढलमा वालवालिका डुवेर ज्यान जाने क्रम झन बढेर गएको छ ।

१४. देशमा न्यायको अनुभूति सत्ता र पहुँच हुनेको पेवा बनाइएको छ ।

१५. देशमा भएका रोजगार सत्ता र पहुँच हुनेका परिवारमा सदस्य बाहेक अरूले च्याउन पनि पाउँदैनन् ।

१६. एम.वि.वि.एस.को सरकारी कोटा सत्तामा भएका र संसदीय पार्टीका नेताका छोरा छोरीको लागी सुरक्षित छ ।

१७. नेपाली जनताले बिरामी पर्दा उपचार गर्न नसकेर आत्महत्याका घटनाहरू बढेर गएको छ ।

१८. स्वदेशी उत्पादन र उद्योगलाई विदेशीको योजना र कमिशनको भरमा धराशायी बनाएर सबै उपभोग्य वस्तु विदेशमा भर पर्नु पर्ने अवस्था सृजना गरिएको छ ।

१९. भुकम्प पीडितलाई आएको राहत सत्ताका मालिकहरूले आफ्नै झोलामा हालेर पीडितलाई घर न घाटको बनाइएको छ ।

२०. नेपालले निर्माण गर्न सक्ने क्षमताका हाइड्रोपावरहरू कमिशनको भरमा विदेशी कम्पनीलाई दिइएको छ र क्षमता भन्दा अति कम युनिट शक्ति उत्पादन गर्न अनुमति दिइएको छ ।

२१. दाइजोको नाउँमा तराईका महिलाको हत्या गर्ने काम बढेर गएको छ ।

२२. शासकहरूले आफ्नो तलव भत्ता अनाधिकृत रूपमा बढाउने काम गरेका छन् । अझ पदबाट बाहिरिएपछि पनि सेवा सुविधा पाउने नियम आँफैले पास गरेका छन् । आफ्नै हातमा डाडु पन्यु भएपछि के चाहियो र ?

यसकारण नेपाली जनताको अगाडि थप चुनौती खडा भएको छ । भारतबाट पालित पोषित दलाल विहारी गणतन्त्रको दासत्वलाई स्वीकार्ने कि सङ्घर्षको आँधीवेहरी सृष्टी गरेर वास्तविक नेपाली जनताले परिवर्तनको अनुभूति गर्न पाउने वा सबै प्रकारको शोषणको जालोबाट मुक्त हुने जनगणतन्त्र हुँदै वैज्ञानिक समाजवादको लागि अगाडि बढ्ने ? मानव समाजको इतिहासमा जनताका अगाडि विकल्प नहुँदासम्म दासत्वलाई स्वीकार्छ, विकल्प अगाडि आइसकेपछि संसारमा कस्ता कस्ता वादशाहहरूलाई पनि घोडाबाट झारेको इतिहास हाम्रा सामु साक्षी छ । यसकारण संसारका श्रमजीवि जनताको मुक्तिको विचार मार्क्सवाद-लेनिनवाद-माओवाद हो । यहि विचारको जगमा टेकेर हाम्रो जस्तो अर्धसामन्ती, अर्धऔपनिवेशिक नवऔपनिवेशिक देशमा नेकपा (क्रान्तिकारी माओवादी)ले पास गरेको सशस्त्र आमजनविद्रोहको कार्यदिशाबाट मात्र नेपाली क्रान्ति पूरा हुन सक्छ । सम्पूर्ण श्रमजीवि, परिवर्तनकामी नेपाली जनता यस पार्टीको झण्डामुनि सङ्गठित हुँदै वर्गसङ्घर्षको आँधीवेहरी सृजना गरी यो संसदीय विहारी गणतन्त्रलाई ध्वस्त पारौं । राष्ट्रिय स्वाधीनता सहितको गाँस-वास-कपास, स्वास्थ्य, शिक्षा, सुरक्षाको पूर्णरूपमा प्रत्याभूति हुने जनगणतन्त्र हुँदै वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्न अब ढिला नगरौं । यसमा मात्र नेपाली जनताको परिर्वतन सुनिश्चित छ । तत्काल बाटो कठिन जस्तो देखिए पनि हाम्रा अगाडि अर्को विकल्प छैन । यसमा नै नेपाली जनताको भविश्य उज्ज्वल छ । *२०७४/९/९ माडी, चितवन*

# अभियान क्षेत्र र अभियान टिम निर्माण गर्दै क्रान्तिकारी माओवादी पाँच नम्बर प्रदेशको बैठक सम्पन्न

बुटवल । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को ५ नं. प्रदेशको प्रदेशस्तरीय बैठक बिहिबार बुटवलमा सम्पन्न भएको छ । दुई दिनसम्म चलेको उक्त बैठकले सङ्गठन तथा जनपरिचालन अभियानलाई प्रदेशको विशिष्टतामा ठोस गरेको बताइएको छ । उक्त अभियान यही पौष ६ देखि ९ गतेसम्म लगातार चार दिनसम्म घनिभूत छलफल भई चितवनमा सम्पन्न भएको केन्द्रीय समितिको बैठकद्वारा पारित गरिएको थियो ।

अभियानलाई प्रदेशको भौगोलिक बनावट, जनप्रवाह र वस्ती विकास तथा सडक सञ्जालका सुविधाका हिसाबले चार अभियान क्षेत्रमा विभाजन गरिएको बताइएको छ । स्रोतका अनुसार परासी, रूपन्देही र कपिलवस्तुको भूगोलभित्रका वस्तीहरूमा अभियान सञ्चालन गर्दा छिटो छरितो र सुविधा पनि हुने भएकाले त्यो भूगोलभित्र एक अभियान टिम खटाइने भएको छ । एक अभियान टिममा उक्त भूगोलभित्र रहेका जिल्लाका जिल्ला इञ्चार्ज अथवा पार्टीका केन्द्रीय समिति सदस्यहरू, प्रदेश सदस्यहरू, जिल्लाका सचिवहरू तथा जिल्ला सदस्यहरू र क्रियाशील नगरपालिका तथा गाउँपालिकाका सदस्यहरू रहने छन् । स्थानीय स्तरमा आधार सङ्गठनहरू निर्माण र तदनुरूप वार्ड कमिटीहरू, गाउँपालिका/नगरपालिका कमिटीहरू र जिल्ला तथा राज्य कमिटीहरू निर्माण तथा सुदृढीकरण नै यो अभियानको लक्ष्य र उद्देश्य रहेको बताइएको छ ।

अभियानका अन्य क्षेत्रहरूमा गुल्मी, पाल्पा र अर्घाखाँचीलाई एक सिङ्गो क्षेत्रमा राखिएको छ । त्यसैगरी प्युठान, रोल्पा, पूर्वी रुकुम र दाङलाई अभियानको अर्को क्षेत्रमा परिभाषित गरेको छ । यस प्रदेशभित्र रहेका बाँके र बर्दियालाई अर्को अभियान क्षेत्र कायम गरिएको बताइएको छ । स्रोतका अनुसार यी अभियान क्षेत्रहरू यही माघ महिनादेखि चैत्र मसान्तसम्म बढीमा तीन महिना चल्ने सङ्गठन तथा जनपरिचालन अभियानका अवधिभर कायम रहने छन् ।

आफ्नो प्रदेशलाई विभिन्न अभियान क्षेत्रहरूमा विभाजन गरी सङ्गठन निर्माण र जनपरिचालन अभियान सम्पन्न गर्न स्थानीय स्तरका क्रियाशील कार्यकर्ताहरूलाई पार्टी केन्द्रले नयाँ जिम्मा दिएपछि उनीहरू निकै खुशी र उत्साहित भएको कार्यक्रम स्थल वरपरका स्थानीय जनताले बताएका छन् ।

क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा प्रदेश इञ्चार्ज क.प्रितमको विशेष उपस्थिति रहेको उक्त बैठकको अध्यक्षता पीवीएम् तथा प्रदेशका सेक्रेटरी क. प्रमोदले गरेको बताइएको छ ।

## शहीद...

विरुद्ध जानु क्रान्तिको नियम हो । त्यो साहस सबैले गर्नुपर्छ । सँधैभरी गम्भीर जस्तो देखिएको भान हुन्थ्यो मलाई क.नमूनालाई देख्दा । म सोध्ने गर्दथेँ "भाउजू किन बढी चिन्तित, गम्भीर जस्तो देखिनु हुन्छ नी ?" उहाँले छोटो जवाफ दिनुहुन्थ्यो "मलाई यही कुराको चिन्ता छ की मैले क्रान्तिले आफूलाई जिम्मा दिएको काम पूरा गर्न सक्छु की सक्दिन र क्रान्तिको गतिलाई चुम्न सक्छु की सक्दिन, बारम्बार यिनै कुरामा चिन्तित हुने गर्दछु र चिन्तित मात्रै हैन चिन्तन मनन पनि गरिरहन्छु ।"

कामको दौरानमा म अन्यत्रै गएको बेला २०६० फागुन १ गते अत्यन्तै छोटो समय थियो मेरो लागि त्यो, तर अति छोटो समयको बीचमा पनि हामीले क्रान्तिका धेरै कुरा गर्‍यौं । सदाझैँ सञ्चो विसञ्चोको बारेमा पनि सोधेँ । छोटो समयको अन्तरालमा म धेरै कुरा सकेर अर्को दिन पुन भेट्ने र कुराकानी गर्ने योजना अनुसार म छुटेँ । उहाँहरू आफ्नो काममा लाग्नुभयो । म फेरि अर्कोदिन दाइ र भाउजूलाई भेट्ने उद्देलनाका साथ उहाँहरूको प्रतिक्षामा बसेँ । अफसोच, उहाँहरूको छिट्टै फर्कनु पर्ने भएको कारण भेट हुन सकेन । उहाँहरू जाने बेलामा मलाई जानकारी गराउन पनि भ्याउनु भएनछ । अर्कोपटक उहाँहरूले काम गर्ने क्षेत्रमा गएर भेटघाट गरौंला भन्ने सोँच बनाएर म अविचलित रूपमा आफ्नो काममा लागेँ । त्यसपछि दिनहरू तीव्र बेगले गतिमा अगाडि बढ्दै गए । म पनि त्यही गतिसँग सँगै पछि लागेँ । मैले अगाडि नै उल्लेख गरिसकेँ, २०६१ बैशाख १७ गते मेरो आदरणीय भाउजू नमूनाको निर्ममतापूर्वक गरिएको हत्याको खबर । विगतलाई पहिले गाउँदेखि नै सँगै काम गरेको, उता क.नमूना भाउजूले अभिव्यक्त गरिएका कुरा अनि बेलाबेलामा उहाँसँग मेरो भेट भएर गरिएका क्रान्तिका विजयका कुरा र अन्तिममा ०६० फागुन १ गते एकदिन मेरो पुनः अर्को दिन भेट्ने बचन वद्धता मेरो स्मरण शक्तिले भ्याएसम्मका सबैकुरा सम्झिन पुगेँ । अनि म एकाएक भावविब्ह्ल भएँ । मेरो आँखाबाट रोक्दा रोक्दै आँशु खसिहाले । ठूलो पानी परेर जस्ताको छानाबाट पानी घरको वित्तामा नपरी बररर बलेसीमा खसेझैँ गरी मेरो आँखाबाट आँशु गालामा नबगी भूईमा खसेको भान हुन्छ मलाई । मरो अवस्था अलि बाहिर गयो की जस्तो लाग्छ । अनि म सम्झिन्छु हामी क्रान्तिकारीहरूलाई घटनाक्रमहरूले चिन्तित बनाउँछ तर हामीले चिन्तन मनन् गर्न पनि विर्सनु हुँदैन । फेरि एउटा क्रान्तिकारी भावनामा बग्नु हुँदैन तर पनि कहिले काँही भावनाको छालले हुत्याएर समुन्द्रमा गाडिदिन खोज्दो रहेछ । त्यस विषयमा म निकै गम्भीर र सचेत थिएँ । एउटा क्रान्तिकारीको हैसियतलाई विर्सन म सक्दैनथेँ । जतातते कालो बादलले ढाकेको भान हुन्थ्यो त्यतिबेला मलाई । विचारको उचाईबाट जनयुद्धको महासमरमा ज्वारभाटाको विरुद्ध जाँदा उच्च मृत्युवरण गर्ने वीर साहसी लडाकु एवम् बहुप्रतिभाशाली महान् सहिद क.सुरेश वाग्ले, क.रितबहादुर खड्का, कृष्णसेन इच्छुक, क.विप्लव, क.नमूना लगायत दश हजार भन्दा बढी शहीदहरूको चित्र मेरो दिल लिमागमा चालु अवस्थामा रहेको क्यासेटको रिल जस्तैगरी घुमिरहेको थियो । साथमा उहाँहरूको रगतलाई सुक्न नदिई उहाँहरूको सपना साकार पार्ने जिम्मेवारी थपिएको भान हुन्थ्यो । र, मैले शोकलाई दृढतापूर्वक शक्तिमा बदल्दै दुश्मनप्रतिको घृणालाई तीव्र बनाउनु बाहेक अर्को विकल्प थिएन । त्यतिबेलै मलाई क.माओको एउटा भनाईको स्मरण हुन्छ "यदि तिमी संसार बदल्न चाहन्छौ भने, तिमीले यातनाका हरेक दस्तावेजहरूमा हस्ताक्षर गर्ने आँट र साहस गर्न पर्दछ चाहे तिम्रो भागमा मृत्यु किन नपरोस् ।"

इतिहासमा यिनै मान्छे महान् बन्दा रहेछन् जसले यातनाका सबै दस्तावेजमा हस्ताक्षर गर्न सक्छन् र आइपरेको मृत्युलाई सहर्ष पचाउँछन् । फेरि इतिहासले पनि तिनै व्यक्तिलाई महानताको जिम्मेवारी दिन्छ, आखिर उनीहरू भौतिक रूपमा मरेर पनि वैचारिक रूपमा बाँची रहन्छन् । तिनै मान्छे मध्ये एक क.नमूना (शान्ति पराजुली) आज हाम्रो साथमा हुनुहुन्न । बसन्तकालिन वगैँचामा फुलेका सुगन्धित फूलहरूलाई शाही अमेरिकन सेनाले चुडालिसकेका छन्, अब मेरो भौतिक भेट कहिल्यै हुने छैन तपाइँसँग आदरणीय भाउजू नमूना (शान्ति पराजुली) तर वैचारिक रूपमा म सँगै रहनेछु सँगसँगै भेट्नेछु । आज तपाईँले इतिहासमा राता अक्षरले आफ्नो नाम लेखाउँदै तपाईँले सम्हालेका जिम्मेवारीहरू हाम्रो काँधमा छाडेर जानुभएको छ । अब तपाइँका अधूरा कामहरूलाई हामी बाँडेर पूरा गर्ने छौँ । हामीलाई अब मात्र एउटा चिन्ता छ तपाइँहरू जस्ता महान् मान्छेले छाडेर गएको सपनालाई पूरा गर्ने र क्रान्तिलाई विजयी बनाउने । अर्को कुरा तपाइँको जस्तै उच्च मरण मर्ने महान् अभिलाषा सहित जीवनमा तपाइँको नाममा महान् शहीद भनेर मुठ्ठी उठाइरहेको छु । आदरणीय भाउजू नमूना लालसलाम, श्रद्धासुमन ।

*(शहीद जयराम पराजुली (रसिक)ले यो संस्मरण आफूले शहादत प्राप्त गर्नु अगावै लेख्नु भएको हो ।)*

## पार्टी एकता...

लागि तीन बुँदे सहमति तथा निष्कर्षमा पुगेको पनि उल्लेख गरिएको छ ।

१२४औं माओदिवसको सन्दर्भ पारेर दुवै नेताले सोमबार जारी गरेको संयुक्त वक्तव्यमा दुवै पार्टीका शीर्ष नेताहरूबीच हालै सम्पन्न भएको एक उच्च स्तरीय बैठक यस्तो निष्कर्षमा पुगेको उल्लेख गरिएको छ । वक्तव्यमा उल्लेख गरिएको तीन बुँदे सहमति तथा निष्कर्ष यस्तो रहेको छ :

१) कथित प्रतिनिधिसभा र प्रदेशसभाको चुनावसम्म आइपुग्दा दलाल पुँजीवादी र संशोधनवादी पार्टीहरू बीचका गठबन्धन र एकता नयाँस्तरमा व्यक्त भएका छन्। त्यसमा माओवादी केन्द्र एमालेमा पतन भएको छ भने नेपाली काँग्रेसले दलाल पुँजीवादी तथा पश्चगामी पार्टीहरूलाई गोलवन्द गर्ने पहल गरेको छ । यस सन्दर्भमा राष्ट्रिय स्वाधीनता, जनतान्त्रिक अधिकार र सामाजिक, राजनीतिक तथा आर्थिक क्षेत्रमा आमूल परिवर्तन गर्नका लागि क्रान्तिकारी कम्युनिस्टहरू बीचको वैचारिक, राजनैतिक एवं संगठनात्मक एकीकरण तथा ध्रुवीकरण पनि अनिवार्य आवश्यकता बन्न पुगेको निष्कर्ष सहित त्यस क्षेत्रमा पहल गर्ने निर्णय गरियो ।

२) आज साम्राज्यवादी विदेशी तत्वहरू पुराना र नव दलालहरू मार्फत् हाम्रो देशका प्राकृतिक स्रोत– साधनहरू लुट्न लागिपरेका छन् । मुख्यतः भारतीय शासकवर्गले एकातिर सन् १९५०को असमान संन्धि हुँदै देउवा सरकारसँगको ४६ बुदें सहमतिसम्म पुग्दा कोशी, गण्डकी, महाकाली, कर्णाली, अरुण जस्ता ठूला नदीहरूमा हस्तक्षेप गर्न पुगेको छ भने अर्कोतिर सिमा अतिक्रमण लगायत आर्थिक, राजनीतिक तथा साँस्कृतिक हस्तक्षेप पनि गरिरहेको छ । राष्ट्रिय स्वाधीनता, जनतान्त्रिक अधिकार तथा पेशागत हकअधिकारका समस्यालाई लिएर सयुक्त संघर्ष संचालन गर्नुका साथै जनयुद्ध, सहिद सप्ताह, जनआन्दोलन लगायतका दिवसहरू संयुक्त रूपले मनाउने निर्णय गरिएको छ ।

३) विश्व राजनीतिमा पछिल्लो समय अमेरिका लगायतका मुलुकहरूले उत्तर–कोरियामा गरिरहेको अमानवीय नाकावन्दी, पेलेस्टाइनको भूभाग भित्र पर्ने जेरुसेलमलाई इजरायलको राजधानी घोषणा गर्ने अतिक्रमणकारी कदम र विश्वव्यापी रूपमा साम्राज्यवादीहरूले गरिरहेका अतिक्रमण र हस्तक्षेपको घोर निन्दा गर्दै तिनको विरोध र उत्पीडित राष्ट्रहरूको स्वाधीनता तथा मुक्तिको पक्षमा संघर्ष गर्ने निर्णय गरिएको छ ।

## माओको...

साम्राज्यवाद र सबैखाले प्रतिक्रियावादका साथै आधुनिक संशोधनवादका विरुद्ध समेत कडा संघर्ष चलाउँदै क्रान्तिपश्चात् प्रतिक्रान्ति रोक्नका लागि सर्वहारा वर्गको अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्तअनुसार महान् सर्वहारा सांस्कृतिक क्रान्तिको मान्यता प्रस्तुत गर्नु भएको थियो । माओका ऐतिहासिक योगदानहरू हाम्रा लागि अविस्मरणीय रहेका छन् ।

आज, सिङ्गो विश्वका साथै नेपालमा पनि क्रान्तिका लागि साम्राज्यवाद र दक्षिणपन्थी संशोधनवादद्वारा भीषण अवरोध तथा चुनौतीहरू तेर्स्याइएका छन् । यस स्थितिमा साम्यवादको महान् उद्देश्य प्राप्तिका लागि मार्क्सवाद–लेनिनवाद–माओवादको सैद्धान्तिक पथप्रदर्शनमा नेपालमा नयाँ जनवादी क्रान्ति र विश्वमा सर्वहारा समाजवादी क्रान्तिको तयारी गर्नु हाम्रो ऐतिहासिक कार्यभार हो । यस प्रकारको कार्यभार बहन गर्नका लागि माओदिवसले हामीलाई विशेष ऊर्जा र उत्प्रेरणा प्रदान गर्दछ । कमरेडहरू, माओको १२४औ जन्मदिवस भव्यतापूर्वक मनाऔं ! नेपाली नयाँ जनवादी क्रान्ति र विश्व सर्वहारा क्रान्तिलाई अगाडि बढाउनका लागि माओले देखाएको बाटोमा दृढतापूर्वक अगाडि बढौं !! भन्ने नाराका साथ विभिन्न कार्यक्रमहरू गरी माओ दिवस मनाएका छन् ।

यसैबीच क्रान्तिकारी माओवादी चितवन जिल्लाको आयोजनामा माओ दिवस मनाएको छ । कार्यक्रममा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य 'किरण'को प्रमुख आतिथ्य र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलको विशेष उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता जिल्ला इञ्चार्ज तथा सेक्रेटरी अम्बिका मुडभरीले गरेकी थिइन् ।

त्यसैगरी नेपाल कम्युनिष्ट पार्टी(क्रान्तिकारी माओवादी)का पोलिट व्यूरो सदस्य के.बी.गुरुङले माओले देखाएको बाटो आत्मसात गर्न नसके नेपाली जनताको मुक्ति संभव नभएको बताउनुभएको छ । उहाँले दक्षिणपन्थी अवसरवादीहरूले माओले अंगिकार गरेका बिचारलाई हमला गरेको बताउनुभयो । नेकपा क्रान्तिकारी माओवादी,रूपन्देहीले १२४औं माओ जयन्तीका अवसरमा गत मंगलबार बुटवलमा आयोजना गरेको कार्यक्रममा बोल्दै नेता गुरुङले सो बिचार व्यक्त गर्नुभएको हो । माओको योगदानलाई क्रान्तिसँग आत्मसात गर्नुपर्ने उहाँले जोड दिनुभयो । संसदवादी र नवसंशोधनवादीलाई परास्त गर्न क्रान्तिकारी शक्तिहरूबीच एकता ध्रुवीकरण आवश्यक रहेको नेता गुरुङले बताउंनुभयो ।पार्टीको प्रदेश नं ५ का इन्चार्जसमेत रहनुभएका उहाँले किसानलाई आत्मसात गरि जनविद्रोहको तयारीमा लाग्न कार्यकर्तालाई निर्देशन पनि दिनुभयो । पार्टी,रूपन्देहीका संयोजक भुलबहादुर सुनारीको अध्यक्षता तथा सचिवालय सदस्य बिनोद मरासनीको सञ्चालनमा भएको कार्यक्रममा पार्टी पोलिटव्यूरो सदस्य प्रेमनाथ सुवेदी,केन्द्रीय सदस्य भुपेन्द्र शर्मा लगायतले बोल्नुभएको थियो ।




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।